Janakhoji samachar Janakhojinews JanakhojiTV

# जनखोजी साप्ताहिक

WWW.Janakhoji.com

साझा विचार ताजा समाचार
तपाइको गाउँ, ठाउँमा कुनै सुचना, जानकारी, बिज्ञापन दिनु परेमा हामीलाई खबर गर्नुहोस् ।
जनखोजी
कार्यालय: प्युठान न.पा.-४, प्युठान
फोन : ९८५७८३५०२७, ९८५७८३३८००
९८४७८२१२२१, ९८४७८२०८९७
E-mail: janakhoji.news@gmail.com
www. Janakhoji.com

वर्ष-१, अंक १५ | २०७८ साल मंसिर १३ गते सोमबार | (Janakhoji Weekly) Monday November 29, 2021 | पृष्ठ-८ | मूल्य रु. - २०/-

### माओवादी केन्द्रको सम्मेलन

# प्युठानका नौवटै स्थानीय तहमा सर्वसम्मत् छानिए नेता



प्युठान, नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रको नौ वटै स्थानीय तहको अधिवेशन सम्पन्न भएको छ । सङ्घीय संरचना निर्माण पश्चात् केन्द्रीयता विधिबाट नेता चुनिदै आएको माओवादी केन्द्रमा जनवादी ढङ्गबाट पहिलो पटक पालिका नेता छान्न सफल भएको हो । सर्वसम्मतीय निर्वाचन पद्दतिबाट नौबटै स्थानीय तहका पार्टी हाक्ने नेता पाएको माओवादी केन्द्रले जनाएको छ ।

प्रथम ऐतिहासिक सम्मेलनबाट माओवादी केन्द्रको प्युठान नगरपालिकाको अध्यक्षमा विष्णु योगी र स्वर्गद्वारी नगरपालिकाको अध्यक्षमा मेघराज जि.सी.(जीवन) निर्वाचित भएका छन् ।

त्यसैगरी नौबहिनी गाउँपालिकामा घन बहादुर बुढा(सचिन), गौमुखी गाउँपालिकामा चन्द्र बहादुर खत्री, झिमरुक गाउँपालिकामा झक बहादुर जि.सी., मल्लरानी गाउँपालिकामा टि.एस. गुरुङ, ऐरावती गाउँपालिका दोर्ण पाण्डे, माण्डवी गाउँपालिका बल बहादुर के.सी.(शिशिर), सरुमारानी गाउँपालिका कृष्ण बहादुर खाम्चा(हेमन्त) अध्यक्षमा निर्वाचित भएका हुन् ।

**कुन पालिकाको पदाधिकारीमा को आए ?**

*१. प्युठान नगरपालिकाले विष्णु योगीको अध्यक्षतामा प्युठान नगरपालिकामा ६५ सदस्यीय कमिटि गठन भएको छ ।*

उपाध्यक्षः हरि वि.एम.
उपाध्यक्षः , सुन्दरा के.सी.
उपाध्यक्षः मुकेश थापा
सचिवः सुमन श्रेष्ठ
सह-सचिवः आकाश जि.एम.
कोषाध्यक्षः सुनिल सापकोटा

*२.स्वर्गद्वारी नगरपालिकामा मेघराज जि.सी.(जिवन)को अध्यक्षतामा ६५ सदस्यीय कमिटि गठन भएको छ ।*

उपाध्यक्षः दुर्गा रेग्मी
उपाध्यक्षः तिलक सुनार
उपाध्यक्षः धुव्र विक्रम सेन
सचिवः टेकबहादुर भट्टराई(पदम)
सह-सचिवः लक्ष्मी आचार्य
कोषाध्यक्षः खिमराज वि.क.

*३. नौवहिनी गाउँपालिकामा घन बहादुर बुढामगर (सचिन)को अध्यक्षतामा ५५ सदस्यीय कमिटि गठन भएको छ ।*

उपाध्यक्षः भरत के.सी.
उपाध्यक्षः तुलाराम थापा(विशाल)
उपाध्यक्षः ओविराम वि.क.
सचिवः बल बहादुर के.सी.
सह-सचिवः दिल बहादुर के.सी.
कोषाध्यक्षः नरेन्द्र घर्ती

*४.माण्डवी गाउँपालिकामा बलबहादुर के.सी.(शिशिर)को अध्यक्षतामा ४१ सदस्यीय कमिटि गठन भएको छ ।*

उपाध्यक्षः छविलाल पुन
उपाध्यक्षः मुगा पुन
उपाध्यक्षः टेक बहादुर कामी
सचिवः कुमार अधिकारी
सह-सचिवः गिरिराज पौडेल
कोषाध्यक्षःगुञ्ज बहादुर के.सी.

*५.ऐरावती गाउँपालिकामा दोर्ण प्रसाद पाण्डेको अध्यक्षतामा ५५ सदस्यीय कमिटी गठन भएको छ ।*

उपाध्यक्षः रेशम बहादुर थापा
उपाध्यक्षः साबित्रा बस्नेत
उपाध्यक्षः अर्जुन कुमार पन्थी
सचिवः भिमेस कुमार घर्ति
सह-सचिवः मोतिलाल विश्वकर्मा
कोषाध्यक्षः हरिहर शर्मा

*६. गौमुखी गाउँपालिकामा चन्द्रबहादुर खत्रीको अध्यक्षतामा ४१ सदस्यीय कमिटि गठन भएको छ ।*

उपाध्यक्षः अर्जुन न्यौपाने
उपाध्यक्षः बैकुण्ठ के.सी.

» बाँकी ६ पेजमा

# कांग्रेस प्युठानको सभापतिमा गिरी

**जनखोजी समाचारदाता**

*प्युठान ।*

नेपाली कांग्रेस प्युठानको सभापतिमा विष्णु गिरी निर्वाचित भएका छन् । मंगलबार भएको निर्वाचनमा प्रत्यासी शिवराज रिजाललाई ७२ मत अन्तरले पछि पार्दै गिरी सभापतीमा विजयी भएका हुन् ।

जिल्ला सभापती पदका लागि खसेको १०६९ मतमध्ये गिरीले ५ सय ६६ मत र रिजालले ४ सय ९४ मत ल्याएका हुन् । ९ वटा मत बदर भए ।

रिजालले यसअघिका सभापति अमर भण्डारीसँग पनि प्रतिस्पर्धा गरेका थिए । पौडेल-सिटौला समुहका गिरी र देउवा समूहका रिजालबीच सभापतिका लागि सहमति नभएपछि मतदान भएको हो ।

वि.स.२०५५ सालमा नेविसंघबाट राजनीति सुरु



गरेका गिरिलाई जिल्लामा नयाँ पुस्ताका नेताका रुपमा लिईन्छ । नौबहिनी गाउँपालिका अध्यक्ष रिजाल पार्टीको पूर्व सचिव हुन् भने, गौमुखी गाउँपालिका अध्यक्ष गिरी निवर्तमान समितिको सचिव थिए । जिल्ला कार्यसमितिका सबै सदस्य र महाधिबेशन प्रतिनिधि सर्वसम्मत रुपमा चयन भएको निर्वाचन समितिले जनाएको छ ।

जिल्ला अधिबेशनबाट जिल्ला उपसभापतीमा देवेन्द्र बर्मा र इश्वर सिंह विष्ट, सचिबमा टोपाराम कालाथोकी र नरेन्द्र पुन मगर (एनपि)

» बाँकी ६ पेजमा

# प्रेस सेन्टरको प्रदेश सचिवमा सम्पादक पोखेल



**जनखोजी समाचारदाता**

*प्युठान ।*

प्रेस सेन्टर नेपाल, लुम्बिनी प्रदेशको सचिवमा यस साप्ताहिकका सम्पादक निर्वाचित भएका छन् । बिहीबार प्रदेशको राजधानी भालुबाङमा भएको दोस्रो अधिवेशनले अध्यक्षमा मानसिंह विश्वकर्मा सहित ४१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको वरिष्ठ उपाध्यक्षमा रुद्रहरि कुँवर, खुला उपाध्यक्षमा प्रदीप वाग्ले, समावेशी उपाध्यक्षमा प्रकाश चौधरी, प्रमुख सचिवमा भूपेन्द्र वली, खुला सचिवमा टीकाराम पोखेल, दिवाकर पोखरेल, गणेश पाण्डे, महिला सचिवमा भावना सुवेदी, जनजाति सचिवमा गजेन्द्र गुरुङ, दलित सचिवमा चिन्ताबहादुर दर्जी, मधेशी सचिवमा अलाम खान र कोषाध्यक्षमा मनिष कार्की चयन भएका छन् ।

» बाँकी ४ पेजमा

प्रो. यज्ञ बहादुर के.सी. (प्रभात) मो.: ९८५७८३३९८१
अब प्यूठान जिल्लामा पहिलो पटक पार्केटिङ्ग सेवा
गौरव अर्डर एण्ड सप्लायर्स
प्यूठान नगरपालिका-४, जुम्री, प्यूठान
राधा फर्निचर तथा स:मिल

हाम्रा सेवाहरु : घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ्ग सम्बन्धि सामाग्री, काठ चिरान, पार्केटिङ, विभिन्न जातका काठ आवश्यक परेमा हामीलाई सम्झनुहोला ।

हाम्रो डेकोर, राम्रो डेकोर
प्रो. सन्देश आचार्य ९८५७८३१७४७, ९८४८१६५१४७
हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स
प्यूठान नगरपालिका-८, बाग्दुला, प्यूठान

हाम्रा सेवाहरु : घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ्ग सम्बन्धि सामाग्री आवश्यक परेमा हामिलाई सम्झनुहोला ।

# सम्पादकीय

## महाधिवेशनलाई कुम्भमेला हुनबाट जोगाउ

सामान्यतः कुनै पनि राजनीतिक दलको सकेसम्म जनताका प्रतिनिधि सबै भेला भएर आन्तरिक निर्णय गर्ने सर्वोच्च तह महाधिवेशन हो। नेपाली शव्दकोशले राजनीतिक, सामाजिक आदि सङ्घसंस्थाका सबै तह र स्थानका प्रतिनिधि वा सम्बद्ध व्यक्तिहरू भेला भई विधानअनुसार आयोजना गरिने ठूलो सम्मेलन (कन्फरेन्स)लाई महाधिवेशन जनाएको छ । पार्टीको विचार, मार्गचित्र र भविष्यको अर्को महाधिवेशनसम्मको बाटो देखाउने माध्यम महाधिवेशन हो। तर पछिल्लो समयमा महाधिवेशन कुम्भ मेलामा रूपान्तरण हुन खोज्यो यो दुःखद् कुरा हो।

यो वर्ष देशका ठुलो जनमत प्राप्त गरेका नेकपा एमाले, काँग्रेस र माओवादी केन्द्रको महाधिवेशन हुँदैछ। विचार, दुष्टिकोण, पार्टीले लिने नीतिसँगै नयाँ नेतृत्व छान्ने महासंग्राममा छलफल, वैचारिक बहस, विधि र पद्धतिको पालनाका अनेकन कुराहरूलाई ओझेलमा पारेर जनवादको ठाउँमा डनवाद, विचारको ठाउँमा मस्ती गरी महाधिवेशन गरिएको छ। यसले पार्टीको भविष्य वा मुलुकको भविष्य के ? भन्ने कुनै पनि मानेमा अर्थ राखेको देखिदैन्। यही हप्तामा जिल्लामा भएको नेपाली काँग्रेसको नेतृत्व चयनले पनि ताण्डव देखाएको थियो। आफूलाई अव्वल प्रजातन्त्रवादी सावित गर्न पछि नपर्ने नेपाली काँङग्रेसका कार्यकर्ता आ-आफू झगडा गरी सार्वजनिक क्षेत्रमा क्षति हुन पुग्यो। शुक्रबारदेखि सुरु गरिएको एमालेको महाधिवेशनले त कम्युनिस्ट पार्टीहरूको समेत बदनाम गराएको छ। धार्मिक यात्रा, मोज, पैसा बाडेर खरिद, झुक्याएर लिएको लगायतका अनेकन आरोपले हाल सामाजिक सञ्जाल तताएकै छ।

यसमध्ये सबैभन्दा चर्चित एमाले पार्टीले गत महिना गोदावरीमा विधिविधान मेला आयोजना गरेको थियो र यही मङ्सिर १० देखि १२ सम्म नारायणघाटमा नेता छान्ने मेला मञ्चन भएको छ। तिन दिन देशभरबाट करोडौ खर्चेर सम्पन्न भयो भनिएको विधान अधिवेशनले निर्माण गरेको विधान महिना दिनमै परिवर्तन भइसकेको छ। लगभग दुई तिहाइको नेकपा सरकार एक आपसका कुण्ठा, दम्भ र अहङ्कारले ढालेको केही महिनापछि आ-आफ्ना घरजम गरेका पार्टीमा भएको बिग्रहले एमाले तलदेखि माथिसम्म फुटेको छ। यो फुटको मूल कारक अन्ततः अरू केही नभएर यसका आफ्नै नेताको एकलौटी हठ भएको अब घामजस्तै छर्लङ्ग भैसकेको छ। तर, गोदाबरीदेखि नारायणघाट पुग्ने बेलासम्म पनि यो सत्य स्वीकार गरिएन। दश बुँदे सहमति कार्यान्वयन, एमाले माओवादी एकता कायमै लगायतका विविध कुराहरू निकालेर सत्यलाई लुकाउँदाको परिणाम जनताले मूल्याङ्कन नगर्ला भन्ने विश्वास छैन । जे भए पनि यो पार्टीको नेतृत्व भने वर्गीय पक्षधरताबाट विमुख भएको र नेपाली समाज उन्नत बनाउने मूल जिम्मेवारीबाट पलायन भएको हो भन्न अब प्रमाणपत्र थमाउनै पर्दैन। आस पालेर भेला भएका इमानदार एमालेजनले यो पार्टी घाटमा पुर्याएर फर्कदै गर्दा यी सबै कुराको मनन् गरुन्। यसबाट नेपाली काँग्रेस र माओवादी केन्द्रसहित अन्य दलहरूले पनि सिकुन्। साथै सिक्दै गर्दा समृद्ध नेपालको निर्माणका लागि व्यक्तिगत स्वार्स्थ, दम्भ, अहङ्कारीपन हटोस् भन्ने हामीलाई लाग्दछ।

# ए(माले) कि बा (माले) ?

**भवानी बराल**

**च्रित्र पतन :**

भारतका प्रख्यात साहित्यकार मुन्सी प्रेम चन्दले लेखेका छन्, 'अपमानको निगल जाना चरित्र-पतन की अंतिम सीमा है।' अर्थात, जसले आममानिसले गरेको अपमानलाई पनि निल्न सक्छ, त्यसको चरित्र पतनको अन्तिम सीमा हो। केपी ओली नेपाली राजनीतिका त्यस्तै पात्र हुन्। ओली राष्ट्रियता, जनतन्त्र विरोधी त्यस्तै खलपात्र हुन्। केही थान प्रतिगामी साइबर स्यालहरुको गोयबल्स प्रचारको भरमा पतन भएको चरित्रलाई रफु गर्न अन्तिम पटक प्रयास गरिरहेका छन्। ओलीको चारित्रिक पतन यहाँभन्दा पर हुन सक्तैन। यसर्थ 'आइ लब यु केपी बा' नारा, तथाकथित 'फादर अफ दी नेसन'को पगरी आफैले प्रायोजन गरेको भक्तजनहरुबाट ओडाइएका छन्। बादशाह नाङ्गै भएको अंग्रेजी कथा झैं उनलाई नाङ्गो छु भन्ने थाहा छ। तर कथा अनुसार आम मानिसलाई भ्रम दिन अन्तिम पटक प्रयासमा छन्। अहिले हुन गैरहेको कुनै महाधिवेशन हैन फगत नाटक र नौटंकी नै हो। रामलिला हो जहाँ ओलीका हनुमानहरुले ओलीभक्ति देखाउने छन्। वास्तविक अर्थमा नारायणी किनारमा 'ओलिवेसन' वा 'बा'धिवेन' हुँदैछ।

**मुर्दाशान्ति :**

एमाले अर्थात, 'बा'मालेको बाधिवेशन आजदेखि सुरु हुँदैछ। तर बामालेको अधिवेशनमा कुनै उत्साह, रौनक छाएको छैन।

देशभरका करिव ९५ प्रतिशत बढी प्रतिनिधिहरु ओली गुटका लाहाछापेहरु छानिएका छन्। त्यतिले नपुगेर ओलीले एक सयबढी नन्दीभृङ्गीलाई बाधिवेशन प्रतिनिधि मनोनित गरिसके। कथित एमालेलाई ओलीमय बनाउन कुनै कसर अब बाँकी छैन। माओवादीबाट गएकाहरु ओली गुटमै हेलिएका छन्। तिनीहरु ओलीले दिए खाने नत्र टुलुटुलु हेरेर बस्ने स्थितिमा छन्। तिनीहरु करिव एक सयको हारहारीमा ओलीको आशिर्वादमा महाधिवेशन प्रतिनिधिमा परेका छन्।

तिनलाई ओली गुटले मरमसला जस्तो गरेर छानेका छन्। एकदमै न्युन संख्यामा मात्र ओलीको कथित झिनो विरोधीहरु छन्। राजनैतिक कार्यदिशा, रणनीति, कार्यनीतिको अभावमा यो अधिवेशन कुम्भमेला भन्दा फरक हुनेछैन। पञ्चभेला या पञ्चर्यालीकै निरन्तरतामा हुनेछ। यसैत बामाले, राष्ट्रिय राजनीतिलाई सम्बोधन गर्ने कुनै नीतिगत मुद्धासम्म नहुनु अनौठो भएन। पार्टीलाई हाँक्ने सांगठानिक आधार पनि विधिसम्मत हुने छाँट छैन। यसरी पार्टीमा फरक विचार शैलीका प्रतिनिधिहरु नछानिँदा यो अधिवेशनमा मुर्दा शान्ति छाउनु पहिलो कारण हो।

**ओली भर्सेज नक्कली :**

एमाले यतिखेर साँचो अर्थमा 'बा'माले हुँदैछ। यतिखेर ओली भर्सेज को ? भन्ने नै छैन। सम्भवतः ओली भर्सेज गर्न नक्कली उम्मेद्वार पनि भेटि रहेका छैनन्। तर यसैबीच पार्टीको केन्द्रीय अध्यक्षमा उठ्ने घोषणा पत्रकार सम्मेलनमार्फत उपाध्यक्ष भिमबहादुर रावलले गरेका छन्। तर, रावलले आफ्नो उम्मेद्वारी टिकाउँछन, टिकाउँदैनन् यसै एकीन छैन्। बरिष्ठ उपाध्यक्षको निम्ति मोलतोल गर्न अध्यक्षको दावी गरेकोमा धेरैले शंका गरेका छन्। कथमकदाचित अध्यक्षमा नाम फिर्ता लिएनन् भनेपनि यिनले झिनो मत ल्याएर पराजित हुनुको विकल्प छैन। यसर्थ ओलीको विरुद्ध रावलको उम्मेद्वारी करौंती उम्मेदवार जत्तिको पनि रहने सम्भावना छैन। रावलले नाम फिर्ता लिए भने त एक्लो दौडमा ओली प्रथम विजेता नै हुनेछन्। घनश्याम भुसालको हरिविजोक त हेरिनसक्नु कै हुनेछ। कांग्रेसमा झैं चिरिन्जीवी वाग्ले, भिमबहादुर तामाङ जत्तिको बन्ने हिम्मत यिनले गर्ने छाँट छैन। यो दोस्रो कारणले पनि बाधिवेशन विना अर्थको पञ्चभेला जस्तै हुनेछ।

**चोक्टा र काट्टो :**

दशबुँदे सहमति गरेर एमालेमा घुसेका दश भैयाद र पूर्व माओवादीहरु यतिखेर बिलखबन्दमा छन्। एमालेमा चोक्टा खान भनेर गएका यिनलाई बामालेको काट्टो खाएर फर्खनु पर्ने नौबत आउनेवाला छ। देशभरीबाट यिनको पक्षमा आउने प्रतिनिधिको संख्या नगण्य र झिनो छ। यस्तो बेलामा यिनको कदकाँटी अनुसारको पद मिलान हुने सम्भावना टर्दै गएको छ। ओलीको तजबिज र हुकुम आदेश नभएसम्म संकटै संकट छ। एकाध दश भैयादहरुले ओलीमा आत्मसमर्पण गर्दा केही हातलागे गनिमत नत्र त यिनको भविष्य अन्धकारमा धकेलिने छ।

**बामले गणित :**

यता इश्वर पोखरेल र रामबहादुर थापाको ठेगान मिलाउन गाह्रो छ। पोखरेललाई बरिष्ठ उपाध्यक्ष दिनु पर्ने वाध्यतामा थापालाई राख्ने ठाउँ उपाध्यक्ष मात्रै हो। रावल यहिँ आएर तीन बल्ढ्याङ खानेछन। रावलको उम्मेदवारी बरिष्ठमा हावा खाँदामात्र अध्यक्षमा दर्खास्त पर्ने हो। त्यो पनि रावलको विगतको पेण्डुलम प्रवृत्तिले यसै भन्न सकिन्न। आफ्नो विचारमा आधा घण्टासम्म अड्न नसक्ने यिनको प्रवृत्ति छ। थापाबाहेक लेखराज भट्ट, टोपबहादुर रायामाझी, मणि थापाको कदकाँटी अनुसारको पद दिनु ओलीलाई यसै हम्मे छ। पूर्व माओवादी ओलीको आशिर्वाद बाहेक आउने सम्भावना पनि छैन। यसैले उनीहरु सर्वसम्मतको रटान लगाएर बसेका छन्। ओली पाल्सी तरुप हालेर सबैलाई झुक्याउन सफल भैराखेका छन्। बत्तीमा छिचिमिरा रमाए झैं सबै रमाएका छन्। यस्तै दश भैयादमध्ये अष्टलक्ष्मी शाक्यलाई जेष्ठ कम्युनिष्ट मञ्च वा सल्लाहकार नामको 'बृद्धाश्रम'मा पठाए अमृत बोहराको घर फिर्ती होला।

युवराज ज्ञवालीलाई अनुशासन आयोगमा थन्क्याए तीन भैयाद ठेगान लाग्लान। 'बैगुनी केटो' योगेश भट्टराईले ओलीमा समर्पण गरेवापत खाइपाइ आएको केही पाउलान। तर घनश्याम भुसाल, रघुजी पन्त, गोकर्ण विष्ट, भिम आचार्य, सुरेन्द्र पाण्डेलाई थन्क्याउने कुनै मेलोमेसो छैन। यसरी दश भैयाद तितरवितर हुनेछन्। यिनले छापामार शैलीले महाधिवेशनमा हमला बोल्लान भन्ने त छँदैछैन।



# आलेख: दर्शनशास्त्रको स्वरूपबारे



हस्तबहादुर केसी

'दर्शन त्यतिबेला मात्रै जन्मन्छ जब वर्गसंघर्ष चल्छ । जग वर्गसंघर्ष नै हो । त्यसपछि मात्रै दर्शनको अध्ययनको कुरा आउँछ । कसको दर्शन ? बुर्जुवा कि सर्वहाराको दर्शन ? सर्वहाराको दर्शन मार्क्सवादी दर्शन हो ।'

- माओ त्सेतुङ, माओका दुर्लभ रचनाहरू, पृष्ठ ९१, खोजी प्रकाशन गृह, काठमाडौँ, २०६४

यहाँ दार्शनिक फाँटमा दर्शनशास्त्रको स्वरूपअन्तर्गत दर्शन भनेको के हो ? दर्शनशास्त्रको मौलिक प्रश्न, दर्शनशास्त्रको सिद्धान्त, आदर्शवाद र भौतिकवादबारे, दर्शनशास्त्रको पद्धति : द्वन्द्ववाद र अधिभूतवादबारे दर्शनशास्त्रको महत्व जस्ता अत्यन्तै महत्वपूर्ण दार्शनिक प्रणालीबारे आधारभूत रुपमा प्रस्ट पार्ने प्रयत्न गरिएको छ ।

**(१) दर्शन के हो ?**

दर्शन के हो भन्ने कुरा बुझ्नु भन्दा पहिले दर्शनको जन्म वा विकास कहिले भयो ? भन्ने कुरा जान्नुपर्ने हुन्छ ।

मानव जातिको इतिहासमा उत्पादनका निम्ति संघर्ष, वैज्ञानिक प्रयोग र वर्गसंघर्षका बीचबाट दर्शनको जन्म भएको हो । दासस्वाामि समाज अर्थात् दासयुगिन समाजको विकासप्रक्रियाका बीचबाट प्राचीन युनान भारत र चीनमा दर्शन विकास हुँदै आएको पाइन्छ ।

वास्तविक कुरा के हो भने विश्व अर्थात् प्रकृति र मानव समाजको जन्म कसरी भयो ? यी आफै जन्मिएका हुन् कि यिनलाई जन्माउने कुनै ईश्वर वा अलौकिक शक्ति छ ? प्रकृति र समाजको उत्पत्ति र विकास कसरी भयो ? के प्रकृति र समाजमा कुनै व्यवस्था र नियमसंगति छ ? मानव जीवनका उद्देश्य, आदर्श, कर्तव्य, मूल्य र मान्यता के हुन् ? के मान्छेले प्रकृति र समाजको सत्यपूर्ण ज्ञान प्राप्त गर्न सक्तछ ? के मानिस आफ्नो ज्ञान र व्यवहारिक क्रियाशीलताका आधारमा प्रकृति र समाजलाई बदल्न समर्थ छ ? यी र यस्तै प्रकारका अनेकौं प्रश्नहरूको सही जबाफ खोज्ने मान्छेको जिज्ञासावृत्तिको उपज र अभिव्यक्ति नै दर्शन हो ।

दर्शन भनेको हेर्नु हो अर्थात् कुनै पनि वस्तुलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र बदल्ने साधनको नाम नै दर्शन हो । एउटा शास्त्रका रूपमा दर्शन शब्दको पहिलो प्रयोगकर्ता युनानी दार्शनिक पाइथागोरस हुन् । उनले दर्शनलाई बुझाउने फिलोसफी शब्दको प्रयोग गरेका थिए । फिलोस (प्रेम) र सोफिया (विवेक) जस्ता शब्दको मिलनबाट फिलोसफी बनेको हो, जसको अर्थ विवेक प्रेम हुन्छ ।

प्राचीन भारतमा पनि दर्शन शब्दको प्रयोग हुँदै आएको छ र दर्शन शब्द संस्कृत भाषाको दृश धातुबाट भएको छ । दृश् को अर्थ हेर्नु, जाँच्नु र बुझ्नु हुन्छ । तार्किक परिक्षणद्वारा सत्य पत्ता लगाउनु दर्शनको विशेषता हो ।

प्राचीन तथा मध्यकाल हुँदै आधुनिक कालसम्म आउँदा दर्शन निकै विकसित एवं परिमार्जित बन्न पुगेको छ । दर्शनको अन्तर्वस्तुको मूल आधार सत्यको खोज रहिआएको छ । दार्शनिक हेगेलका दृष्टिमा दर्शनको विषय सत्यको संज्ञान हो ।

सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सले दर्शनलाई आफ्नो समयको विश्वको बौद्धिक सारतत्व बताउनु भएको छ । विश्व भनेको प्रकृति र समाज हो । फ्रेडरिक एंगेल्सले यश प्रकारको दर्शनलाई विश्व दृष्टिकोण भन्नुभएको छ ।

दर्शन सामाजिक चेतनाको एउटा विशिष्ट रूप हो । वर्ग समाजमा सामाजिक चेतनाको रूप वर्गीय हुन्छ । ठिक यसै कारणले दर्शनको रूप पनि वर्गीय हुन्छ । वर्ग समाजमा हरेक वर्गले आ- आफ्नो विचार, उद्देश्य, मत, संकल्प, भावना एवं क्रियाकलापको औचित्य पुष्टि गर्न जरुरी हुन्छ र दर्शनले ठिक यसै औचित्य पुष्टिको काम गर्दछ । यस अर्थमा हरेक दार्शनिक प्रणालीभित्र मूलतः तीन तत्व पर्दछन् - (१) वर्गीय पक्षधरता, (२) सिद्धान्त र (३) पद्धति । वास्तवमा यिनै तीन तत्वको समग्रताको नाम दर्शन अर्थात् विश्वदृष्टिकोण हो ।

**(२) दर्शनशास्त्रको मौलिक प्रश्न**

चिन्तन र सत्ताको सम्बन्धको प्रश्न दर्शनशास्त्रको मौलिक प्रश्न हो । यस विषयमा एंगेल्सले भन्नुभएको छ , समग्र दर्शनको र विशेषतः नयाँ दर्शनको महान् मौलिक प्रश्न चिन्तन र सत्ताको सम्बन्धको प्रश्न हो । यहाँ चिन्तन र सत्ता जस्ता दुई महत्वपूर्ण शब्दहरूको उल्लेख गरिएको छ, हामीले यी शब्दको वास्तविक अर्थ बुझ्न जरुरी छ ।

यहाँ प्रयोग गरिएको चिन्तन अन्तर्गत संवेदना, अनुभव, इच्छा, संकल्प, भावना, विचार, अवधारणा, सिद्धान्त, दृष्टिकोण जस्ता चेतनाका विविध रूपहरू पर्दछन् ।

सत्ता भनेको अस्तित्व हो, विश्व हो । यस अन्तर्गत प्रकृति र समाज पर्दछ । यस अर्थमा चिन्तन र सत्ताको सम्बन्धको प्रश्न विश्वदृष्टिकोणको प्रश्न बन्न पुग्दछ र यही नै दर्शनशास्त्रको मौलिक प्रश्न हो ।

दर्शनशास्त्रको मौलिक प्रश्नका दुई महत्वपूर्ण पहलुहरू छन् - (१) यस अन्तर्गत चिन्तन र सत्ता बीच प्राथमिकता क्रम निर्धारण गर्ने कुरा आउँछ । आत्मा र प्रकृतिमा प्राथमिक कुन हो ? के ईश्वरले विश्वको सृष्टि गरेको हो या विश्व अनन्तकालदेखि नै अस्तित्वमा छ ? दार्शनिकहरूले यस प्रश्नको जुन उत्तर दिए त्यसले उनीहरूलाई दुई ठूला शिविरहरूमा खडा गरिदियो । जसले प्रकृतिको सट्टामा आत्मलाई प्राथमिकता दिए र आखिरमा उनीहरूले विश्वको सृष्टि ईश्वरले गरेको स्वीकारे, चेतनाको जन्म पहिलो कि पदार्थको जन्म पहिलो भन्ने प्रश्नमा चेतनाले पदार्थलाई जन्म दिएको हो भन्ने र विश्व अज्ञेय छ, विश्व अबोधगम्य छ, जान्नै सकिन्न, बुझ्नै सकिन्न दार्शनिकहरूले यस प्रश्नको जुन उत्तर दिए उनीहरूलाई आदर्शवादको शिविरमा खडा गरिदियो ।

यसको ठिक विपरीत अर्कोथरी जसले प्रकृतिलाई प्राथमिकता दिए, पदार्थको विशिष्ट उपज चेतनाको जन्म भएको हो, विश्व ज्ञेय छ, विश्वलाई जान्न सकिन्छ, बुझ्न सकिन्छ, बोधगम्य छ, यसलाई बदल्न सकिन्छ भन्ने दार्शनिकहरू ती भौतिकवादका विभिन्न शाखाहरूमा सामेल भए । यसरी दार्शनिकहरू आदर्शवाद र भौतिकवाद जस्ता दुई ठूला शिविरमा खडा भए ।

यस अतिरिक्त आदर्शवाद र भौतिकवादको बीचमा समन्वय कायम गर्ने, दुवैलाई समानन्तर रूपले लिने वा तटस्थ रहने तेस्रो धार पनि पाइन्छ । यसरी हेर्दा दर्शनशास्त्रको मौलिक प्रश्नको पहिलो पहलुको उल्लेख गर्ने सन्दर्भमा मूलतः तीन प्रवृत्ति पाइन्छ : आदर्शवाद , भौतिकवाद र बीचका धाराहरू । बीचका धारा अन्तर्गत द्वैतवाद , तटस्थतावाद वा समन्वयवाद आउँछन् ।

दोस्रो पहलु- यस अन्तर्गत चिन्तन र सत्ता बीचको आपसी अन्तरक्रिया उद्घाटित गर्ने कुरा आउँछ । चिन्तन र सत्ताको तादाम्यको यस् प्रश्नमा जसले सकारात्मक उत्तर दिने गर्दछन् ती भौतिकवादी, अज्ञेयवादी र नकारात्मक उत्तर दिनेहरू अज्ञेयवादको श्रेणीमा पर्दछन् ।

चिन्तन र सत्ताको तादम्यसंग सम्बन्धित प्रश्न विश्व , त्यसको सारतत्व र त्यसका नियमहरूलाई बुझ्ने र तदनुसार विश्वलाई बदल्ने विषयसंग सम्बन्धित प्रश्न हो ।

**(३) दार्शनिक सिद्धान्त : आदर्शवाद र भौतिकवाद**

आदर्शवाद : आदर्शवाद एक यस्तो दार्शनिक सिद्धान्त हो, जसले चेतना, आत्मा, संकल्प, विचार वा ईश्वरलाई प्राथमिक मान्दै त्यसैबाट विश्व, पदार्थ वा प्रकृतिको जन्म भएको हो भन्ने कुरा स्वीकार गर्दछ । विचार, आत्मा वा आदर्श (क्षमभबी) जस्तो अभौतिक तत्वलाई प्राथमिक मानेकोले त्यस सिद्धान्तको नाम आदर्शवाद (क्षमभबक्षि) रहन गएको हो ।

आदर्शवादका पनि दुई हाँगा छन् वस्तुनिष्ठ आदर्शवाद र व्यक्तिनिष्ट आदर्शवाद । मानिसको आत्मा वा चेतना भन्दा बाहिरको कुनै सामान्य आत्मा, चेतना वा ईश्वरको अस्तित्वलाई प्राथमिक मान्नु वस्तुनिष्ठ आदर्शवाद (इदवभअतखभ क्षमभबक्षि) हो । जुन दर्शनमा व्यक्तिगत आत्मा, मन, संवेदना, संकल्प, अनुभव, विचार आदिलाई प्राथमिकता दिइन्छ त्यसको नाम व्यक्तिनिष्ठ आदर्शवाद (Subjective Idealism) हो ।

केही यस्ता दार्शनिकहरू छन् जसले चिन्तन र सत्ता, आत्मा र प्रकृति र पदार्थलाई समानान्तर रुपमा प्राथमिक मान्ने, तिनमा समन्वय कायम गर्ने वा आफूलाई तटस्थ देखाउने गर्दछन् , तिनको दार्शनिक सिद्धान्तलाई द्वैतवाद, समन्वयवाद वा तटस्थतावाद भनिन्छ । गौतम बुध्द तटस्थवादी धाराका दार्शनिक हुन् ।

विश्वलाई ज्ञेय अर्थात् बोधगम्य मान्ने चिन्तनको सम्बन्ध भौतिकवाद र अज्ञेयवादको सम्बन्ध आदर्शवादसंग रहेको छ । यद्यपि हेगेलजस्ता आदर्शवादीहरूले विश्वलाई ज्ञेय अर्थात् बोधगम्य मानेर भौतिकवादको नजिक पुगेका थिए । तर तमाम प्रकारका शंकावादी र अज्ञेयवादीहरू विश्वलाई अज्ञेय मान्दछन् । ह्युम र काण्टले विश्वलाई अज्ञेय मान्दछन् । तर तमाम भौतिकवादीहरू, विशेषतः कार्ल मार्क्सद्वारा विश्वलाई बोधगम्य मानिएको छ । संसारलाई ज्ञेय र अज्ञेय मान्ने चिन्तन ज्ञान- सिद्धान्तसँग सम्बन्धित रहेको छ ।

**(४) दर्शनशास्त्रको पद्धति : द्वन्द्ववाद र अधिभूतवाद**

विश्वको विकास प्रक्रिया र त्यसका नियमहरूको अध्ययन गर्ने चिन्तनप्रणालीलाई दर्शनशास्त्रको पद्धति भनिन्छ । दर्शनशास्त्रको पद्धति ज्ञान- सिद्धान्तको प्रश्नसंग अभिन्न रूपमा जोडिएको छ ।दर्शनशास्त्रको इतिहासमा विश्वदृष्टिकोणका दुई आधारभूत पद्धति पनि रहिआएको छन् - ती हुन् द्वन्द्ववाद र अधिभूतवाद ।

द्वन्द्ववाद प्राचीन युनानी दिएलोगो (म्बयिनय) पदावलीकाट विकसित भएको हो । यसको अर्थ हो - बहसको कला ।

त्यस्तै अधिभूतवाद पनि प्राचीन युनानी मेटा - फिजिका (Meta-physica) पदावलीबाट विकसित भएको हो । अधिभूतवादले भौतिकविज्ञानभन्दा पर भन्ने अर्थ बुझाउँछ । दर्शनशास्त्रको विकासको इतिहासमा यी शब्द परिमार्जित बन्दै आएका छन् ।

हामीले द्वन्द्ववादलाई गति तथा परिवर्तन र अधिभूतवादलाई स्थिरताको संवाहक पदावलीको अर्थमा बुझ्न सकिन्छ । द्वन्द्ववाद (म्बिपभअतअक) र अधिभूतवाद (Meta-physica) परस्पर विपरीत अर्थ बुझाउने पदावली हुन् । प्राचीन युनान, चीन, भारतमा यी पद्धतिहरू विकसित भएको पाइन्छ ।

मध्ययुगमा आध्यात्मवादका रूपमा अधिभूतवाद प्रभावी बनेर गयो । आधुनिक पुँजीवादी दर्शनमा अधिभूतवाद अन्तर्गत यान्त्रिकतावाद, भडुँवा विकासवादजस्ता दार्शनिक पद्धति देखा पर्दै आएका छन् ।

आधुनिक दर्शनको इतिहासमा द्वन्द्ववादको विकास गर्ने श्रेय हेगेल र कार्ल मार्क्सलाई छ । हेगेलको द्वन्द्ववाद आदर्शवादी थियो, तर मार्क्सको द्वन्द्ववाद भौतिकवादी रहेको छ ।

द्वन्द्ववाद र अधिभूतवादले विश्वको बारेमा पुरै विपरीत तस्वीर पेश गर्दछन् । अधिभूतवादले हरेक वस्तु र प्रक्रियालाई स्थिरता, अलगाउ, एकपक्षीयता र परिवर्तनहीनताको अवस्थामा देख्दछ । यसको ठिक उल्टो द्वन्द्ववादले हरेक वस्तु र प्रक्रिया र विश्लाई गति, पारस्परिक अन्तः सम्बन्ध, बहुविधता र परविर्तनको अवस्थामा हेर्दछ । अधिभूतवादले विश्वको गलत तस्बिर पेश गर्दछ । यसको ठिक उल्टो द्वन्द्ववादले विश्वको सही तस्बिर पेश गर्ने काम गर्दछ । मुख्य भिन्नता यिनै हुन् ।

**(५) दार्शनिक पक्षधरताको प्रश्न**

दार्शनिक फाँटमा दर्शनले वर्गसंघर्षमा दृढ पक्षधरताको माग गर्दछ । वर्गसमाजमा विभिन्न वर्गका स्वार्थहरू टक्कराउँदछन् र ती भिन्न विचारहरूका रूपमा प्रतिबिम्ब बन्न पुग्दछन् । ती भिन्न विचारहरूको आधारशिलामा विभिन्न विश्वदृष्टिकोणहरूको निर्माण हुन्छ । दर्शनशास्त्रको इतिहासमा भौतिकवाद र आदर्शवाद तथा द्वन्द्ववाद र अधिभूतवादकाबीच जुन संघर्ष चल्दै आएको छ , त्यो यसै वर्गीय वैचारिक संघर्षको प्रतिबिम्बन हो ।

आजसम्म जुन वर्गसंघर्ष चल्दै आएको छ, दर्शनको वर्गीय पक्षधरतामा आधारित रहेको छ । युरोपमा मध्ययुगको अन्त्यतिर आदर्शवाद र भौतिकवादबीच जुन जुन संघर्ष चल्यो त्यो मरणशील सामन्तवाद र उदीयमान पुँजीपतिवर्गमा बीचको वर्गसंघर्षको अभिव्यक्ति थियो ।

आज तमाम प्रकारका आदर्शवाद र द्वन्द्वात्मक भौतिकवादका बीच जुन संघर्ष चलिरहेको छ त्यो तमाम प्रकारका प्रतिक्रियावाद र क्रान्तिकारी जनसमुदाय, साम्राज्यवादमा गिरेको पुँजीपतिवर्ग तथा सर्वहारावर्गबीचको जीवनमरणको वर्गसंघर्षको प्रतिबिम्बन हो ।

दर्शनशास्त्रको मौलिक प्रश्नमा भौतिकवाद र आदर्शवाद बीचको लडाइँमा जसले आफूलाई गैरपक्षधर, तटस्थ वा तेस्रो धारको हिमायती देखाउने गर्दै आएका छन्, वास्तवमा ती मूलतः प्रतिक्रियावादी वर्ग, तिनको वर्गहित विचारधाराकै प्रतिनिधि हुन् ।

कमरेड माओले वर्गसंघर्ष र दर्शनमा प्राथमिक स्थान वर्गसंघर्षकै हुने कुरामाथि विशेष जोड दिनुभएको थियो । कमरेड माओले भन्नुभएको थियो, 'दर्शन त्यतिबेला मात्रै जन्मन्छ जब वर्गसंघर्ष चल्छ । जग वर्गसंघर्ष नै हो । त्यसपछि मात्रै दर्शनको अध्ययनको कुरा आउँछ । कसको दर्शन ? बुर्जुवा कि सर्वहाराको दर्शन ? सर्वहाराको दर्शन मार्क्सवादी दर्शन हो ।'

- माओ त्सेतुङ, माओका दुर्लभ रचनाहरू, पृष्ठ ९१, खोजी प्रकाशन गृह, काठमाडौँ, २०६४

वर्गसमाजमा दर्शनको चरित्र वर्गीय हुन्छ । हरेक दर्शनले आफ्नो वर्गहित, विचार र राजनीतिक उद्देश्यको सेवा गर्दछ ।

ठिक यसैकारण आजको साम्राज्यवाद र सर्वहारा वर्गबीचको भीषण संघर्षको युगमा मार्क्सवादी (मालेमावादी) दर्शनले सर्वहारा वर्ग र पुँजीवादी दर्शनले पुँजीपति वर्गको सेवा गर्ने काम गर्दै आएको छ ।

**(६) दर्शनशास्त्रको विषयवस्तु**

दर्शनशास्त्रको फाँटमा दर्शनशास्त्रको विषयवस्तु भनेको विश्वदृष्टिकोणको विषयवस्तु हो । दर्शनशास्त्रको विषयवस्तु अन्तर्गत दर्शनको बिशिस्ट महत्व र परिधिको निर्धारण गरिन्छ ।

दर्शनको लामो ऐतिहासिक विकास प्रक्रियामा दर्शनको विषयवस्तु धेरै परिमार्जित बन्दै आएको छ र आजको युगमा यसको बिशिस्टीकरण हुन गएको छ ।

» बाँकी ४ पेजमा

# निर्माण व्यवसायी संगठनमा केसु गिरी




**जनखोजी समाचारदाता**

*प्युठान।*

नेकपा (माओवादी केन्द्र) निकट नेपाल राष्ट्रिय निर्माण व्यवसायी सङ्गठन प्युठानको प्रथम जिल्ला अधिवेशन आइतबार सम्पन्न भएको छ। अधिवेशनबाट व्यवसायी केसु गिरिको अध्यक्षतामा १९ सदस्यीय जिल्ला कमिटी गठन गरिएको छ। जस्को उपाध्यक्षमा लाल बहादुर जि.सी., चिन्तन श्रेष्ठ, सचिबमा बल बहादुर के.सी.,सहसचिबमा इन्द्रमणी पाखेल र कोषाध्यक्षमा नरेश पुन सर्वसम्मत निर्बाचित भएका छन।

अधिवेशनमा नेकपा (माओवादी केन्द्र) का केन्द्रिय सदस्य तथा लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा सहकारी मन्त्री कृष्ण ध्वज खड्का, नेकपा (माओवादी केन्द्र) प्युठान जिल्ला इन्चार्ज नारायण अधिकारी (अजितसिंह), नेकपा (माओवादी केन्द्र) का प्रदेश कमिटी सदस्य कृष्ण घिमिरे (झपेन्द्र), प्युठान नगरपालिकाका नगरप्रमुख अर्जुनकुमार कक्षपती लगायतको उपस्थिती रहेको थियो।


## प्रविधि (मेशिन उपकरण) हस्तान्तरणका लागि दरखास्त आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०८/१२**

आ.व. २०७८/०७९ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्लास्तरमा लघु, घरेलु तथा साना उद्योगीहरुलाई प्रविधि हस्तान्तरण (आधुनिक प्रविधि भित्राउने उद्योगलाई अनुदान समेत) कार्यक्रम अन्तरगत यस जिल्लामा चालु आ.व. मा नयाँ सृजना भएका उद्यमी तथा प्रचलित कानुन बमोजिम यस कार्यालयमा दर्ता भई संचालनमा रहेका लघु, घरेलु तथा साना उद्योगहरुको स्तरोन्नतिको लागि उद्योगको प्रकृति हेरी आवश्यकता एवम् उद्योगबाट सृजना हुने रोजगारी लगायतका आधारमा बढीमा रु.१(एक) लाख सम्मको प्रविधि (मेसिन उपकरण) ८० प्रतिशत अनुदान स्वरुप उपलब्ध गराइने भएको हुदाँ आफूलाई आवश्यक पर्ने प्रविधि (मेसिन उपकरण) तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तपसिलमा उल्लेखित कागजात संलग्न राखी निवेदन प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरुः**

१. उद्यमीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. उद्योग दर्ता, नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपि,
३. स्थायी लेखा (प्यान/भ्याट दर्ता) प्रमाण पत्रको प्रतिलिपि,
४. आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (स्तरोन्नतिका लागि मात्र)
५. उद्योग व्यवसायको योजना (स्किम)
६. सम्बन्धित विषयमा तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि,
७. रु १०० घरेलु तथा साना उद्योग कार्यालयको राजश्व खातामा जम्मा गरेको रसिद,
८. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट तोकिएको अवधिभित्र कुनै प्रकारको सहुलियत सुविधा वा अनुदान नलिएको स्वघोषणा पत्र।
९. एकल महिला, अपाङ्ग तथा दलित समुदायका व्यक्तिको हकमा सम्बन्धित निकायको सिफारिस पत्र।

**शर्तहरु**

- निवेदन प्रविधि (मेशिन उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ को अनुसूची १ बमोजिम ढाँचामा उच्चमी स्वयम् कार्यालयमा उपस्थित भई पेश गर्नु पर्नेछ।
- उपलब्ध गराइने प्रविधिको २० प्रतिशत रकम प्रविधि प्रा्त गरेका उद्यमी स्वयमले व्यहोर्नु पर्नेछ। उक्त रकम उद्यमीले कोष तथा लेखा नियन्त्रक कार्यालय प्रदेश इकाइको विविध खातामा जम्मा गर्नुपर्नेछ।
- यस अघि कार्यालयबाट आ.व. ०७५/७६, ०७६/७७ र ०७७/७६ मा प्रविधि(मेसिन उपकरण) प्राप्त गरेका उद्यमीहरुको निवेदनलाई मूल्याङ्कनमा समावेश गरिने छैन।
- प्रबिधि प्राप्त गरेको मितिले ५ वर्ष सम्म अरुलाई हस्तान्तरण वा गरेको पाइएमा प्रविधि वापत रकम असुल उपर गर्ने र पुनः प्रविधि उपलब्ध गराइने छैन।
- म्याद नाघी वा रित पूर्वक ढाँचामा पेश नभएका प्रस्ताव स्वत रद्द हुनेछ।

*नोट : प्राप्त प्रस्ताव जिल्लास्थित प्रस्ताव मूल्यांकन समितिद्वारा लघु, घरेलु तथा साना उद्योग प्रविधि (मेशिन उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ तथा स्वीकृत कार्यविधि बमोजिम मूल्यांकन गरिनेछ। थप जानकारीका लागि घरेलु तथा साना उद्योग कार्यालय, प्यूठानको सम्पर्क नं ०८६-४२००७७ मा सम्पर्क गर्नुहुन अनुरोध छ।*


**आलेखः दर्शनशास्त्रको...**

प्राचीन युनानमा अरस्तुले ज्ञानलाई मूलतः तीन भागमा विभाजित गरेका थिए- अनुभवमूलक ज्ञान, पदार्थविज्ञा र अधिभूतवाद। साथै अरस्तुका भनाइमा अधिभूतवाद, आध्यात्मविज्ञान थियो र त्यसलाई उनले प्रथम दर्शन मान्दथे। उनका दृष्टिमा अधिभूतवाद सत्ताको शास्त्र थियो र जस अन्तर्गत पदार्थ तथा ईश्वरको अध्ययन गरिन्थ्यो। यस अर्थमा दर्शन ज्ञानविज्ञानका सबै शाखाको उच्च ज्ञान वा विज्ञानको विज्ञान बन्न गएको थियो।

आधुनिक युगसम्म आउँदा ज्ञानविज्ञानका विविध शाखा-प्रशाखाहरूमा ठूलो विकास र प्रगति हुँदै गयो।तर दर्शनलाई ज्ञान विज्ञानका सबै शाखाहरूको उच्च ज्ञान वा विज्ञानको विज्ञान मान्ने चलन कायमै रहयो।

फायरवाखसम आउँदा पनि विज्ञानको विज्ञान नै मानियो। यो स्थितिमा मार्क्स - एंगेल्सले एकातिर प्रकृति दर्शन तथा इतिहास दर्शनसंग सम्बन्धित ज्ञानविज्ञानका विविध शाखाहरूलाई स्वतन्त्र विज्ञान वा शास्त्रको हैसियत प्रदान गर्नु भयो र अर्कोतिर दर्शनशास्त्रलाई आफ्नै स्वतन्त्र विषयवस्तुले समृद्ध एक विशिष्ट विज्ञानका रूपमा स्थापित गर्नु भयो। मार्क्सले भन्नुभयो, 'हरेक साँचो दर्शन आफ्नो ठोस समयको विश्वको बौद्धिक सारतत्व हो'

- मार्क्स-एंगेल्स, संकलित रचना भाग १, पृष्ठ १९५, प्रगति प्रकाशन, मास्को, १९७५

मार्क्सकै भनाइअनुसार दर्शन समकालीन विश्वको बौद्धिक सार बन्न जान्छ। यसरी हेर्दा दर्शन वास्तविक विश्वको सत्यको ज्ञान प्राप्त गर्ने विशिष्ट शास्त्र बन्न जान्छ। तसर्थ त्यसपछि दर्शन अरु विशिष्ट प्रणालीहरूका सम्बन्धमा विशिष्ट प्रणाली अर्थात् ज्ञानविज्ञानका सबै शाखाहरूमा प्रभुत्व स्थापित गर्ने प्रणाली नभएर विश्वको सामान्य दर्शन बन्न जान्छ।

दर्शन भनेको विश्वको सामान्य दर्शन अर्थात् विश्वदृष्टिकोण हो। दर्शनको विषयवस्तु पनि यसै विश्वदृष्टिकोणको अध्ययनमा आधारित रहेको छ। दर्शनको मूल विषयवस्तु दर्शनको मौलिक प्रश्न अर्थात् चिन्तन र सत्ताको सम्बन्धको प्रश्न हो। सत्ताको अर्को अर्थ विश्व हो, विश्व अन्तर्गत प्रकृति र समाज पर्दछ। यसरी हेर्दा प्रकृति, समाज र चिन्तनका सामान्य नियमको अध्ययन नै दर्शनशास्त्रको विषयवस्तु बन्न जान्छ। कुनै पनि दार्शनिक प्रणालीमा मूलतः तीन तत्व हुन्छन् - वर्गीय पक्षधरता, सिद्धान्त र पद्धति। वर्गीय पक्षधरता राजनीतिक विचारधारा, प्रवृत्ति र राज्यसत्तासँग सम्बन्धित रहेको हुन्छ। यो सामन्तवाद, पुँजीवाद, वैज्ञानिक समाजवाद जस्ता विचारप्रणाली, व्यवस्था र प्रवृत्तिसँग गाँसिएको हुन्छ। चिन्तन र सत्ताबीचको सम्बन्धको प्रश्न दर्शन सैद्धान्तिक पक्ष हो। यस अन्तर्गत आदर्शवाद, भौतिकवाद सहितका विविध दार्शनिक प्रवृत्तिहरूको अध्ययन गरिन्छ।

सत्ता र चिन्तन अर्थात् प्रकृति, समाज तथा चिन्तनको विकास प्रक्रिया र तिनको पारस्परिक सम्बन्धलाई पद्धतिका दृष्टिले पनि अध्ययन गरिन्छ। यो दर्शनको पद्धतिगत अध्ययनको विषय हो। यस अन्तर्गत द्वन्द्ववाद र अधिभूतवाद सहितका विविध पद्धतिहरूको अध्ययन गरिन्छ। दर्शनमा वर्गीय पक्षधरता निश्चित वर्गको राजनीतिक विचारधाराद्वारा निर्देशित रहेको हुन्छ। यस अर्थमा दार्शनिक सिद्धान्त र पद्धतिको निर्माणमा वर्गीय राजनीतिक प्रवृत्तिको भूमिका निर्णायक हुन्छ। मार्क्सवादी मान्यता अनुसार दर्शनको विषयवस्तु पनि ठिक यसै कुरामा आधारित रहेको छ। दर्शनको मूल विषयवस्तु त्यसको मौलिक प्रश्न हो। दर्शनको परिधि अर्थात् सीमा त्यसको विषयवस्तुमा आधारित हुन्छ। दर्शनले चिन्चन र सत्ताको सम्बन्धको अध्ययन गर्दछ। दर्शनले प्रकृति समाज र चिन्तनका सामान्य नियमहरूको अध्ययन गर्छ र दर्शन वर्गीय विचारप्रणालीद्वारा निर्धारित हुन्छ।

ठोस कुरा के हो भने हरेक चीजको मौलिकता, विशिष्ट स्वत्व वा ठोस पहिचान त्यसको आफ्नै विशिष्ट अन्तर्विरोधमा आधारित हुन्छ। ज्ञान विज्ञानका विशिष्ट शाखाहरूको वर्गीकरण र तिनको विशिस्ट सापेक्षता वा स्वायत्तता पनि यसैद्वारा निर्धारित हुन्छ। यस विषयमा कमरेड माओले 'आफ्नै विशिष्ट स्वत्वका रूपमा दर्शनशास्त्रलाई आदर्वाद, भौतिकवाद र द्वन्द्ववादको अध्ययन गर्ने शास्त्र' का रूपमा लिनुभएको छ।

दर्शनशास्त्र के हो ? भन्ने विषयमा कमरेड माओ अगाडि भन्नु हुन्छ, वर्गसमाजको उदय भएदेखि दुई थरीको ज्ञान देखिएको छ - उत्पादन - संघर्षको ज्ञान र वर्गसंघर्षको ज्ञान। प्राकृतिक विज्ञान र सामाजिक विज्ञान यिनै दुई थरीको ज्ञानको निचोड हुन् र दर्शनशास्त्र चाहिँ प्रकृतिसम्बन्धि ज्ञान र समाजसम्बन्धि ज्ञानको सामान्यीकरण र एकत्रीकरण हो।

- माओ त्सेतुङ, माओ त्सेतुङका संकलित रचनाहरू, भाग ३, पृष्ठ २१, सिर्जनशील प्रकाशन, अनमनगर, काठमाडौँ २०५७।

कमरेड माओका यी भनाइबाट ज्ञानविज्ञानलाई मूलतः तीन भागमा विभाजित गर्न सकिन्छ - प्राकृतिक विज्ञान, सामाजिक विज्ञान र संश्लेषणात्मक ज्ञानको विज्ञान। यी तीन विज्ञानमध्ये दर्शन संश्लेषणात्मक ज्ञानको विज्ञान हो। यसको अर्थ दर्शन प्राकृतिक विज्ञान र सामाजिक विज्ञानबीच समन्वय कायम गर्ने विज्ञान होइन। किनकि दर्शनको आफ्नो स्वतन्त्र मौलिक विषयवस्तु छ, त्यो दर्शनशास्त्रको मौलिक प्रश्न हो, जसले दर्शनशास्त्रलाई अन्य विज्ञानभन्दा स्वायत्त हैसियत प्रदान गर्दछ। यसका साथै दर्शनले विविध प्रकारका विचारहरूलाई एकीकृत गरि अखण्ड विश्वदृष्टिकोण प्रदान गर्दछ।

तर पुँजीवादी दार्शनिकहरूको ठूलो हिस्सा दर्शनको विशिष्ट स्वत्व, परिधि र वैज्ञानिकताबारे उपयुक्त प्रकारको मार्क्सवादी मान्यतासंग पुरै असमत छन्। यस हिस्सा अन्तर्गत दर्शनशास्त्रको मौलिक प्रश्नसम्बन्धि तेस्रो धारका ती दार्शनिकहरू आउँछन्, जसले दर्शनलाई आदर्शवाद र भौतिकवादमा विभाजन गर्ने मान्यतालाई अधिभूतवादी बताउँदै आफूलाई तटस्थ, विवादमुक्त र सत्तामीमांसा (इलतययिनथ) विरोधी देखाउने गर्दछन्। यस धाराका प्रवर्तक कोम्टे हुन् उनको दर्शनको नाम प्रत्यक्षवाद हो। उनले भनेका थिए- दर्शन विज्ञान भन्दा अलग्गै कुनै शास्त्र होइन, विज्ञान नै दर्शन हो र दर्शनमा सबै विज्ञानहरूको समन्वय हुन्छ। दर्शनलाई मौलिक प्रश्न, स्वतन्त्र विषयवस्तु र वैज्ञानिक विश्वदृष्टिकोणबाट बञ्चित गर्ने यो प्रवृत्ति माखवाद, नवप्रत्यक्षवाद, नवयथार्थवाद, व्यवहारवाद लगायतका अनेकौं धाराहरूमा देखा पर्दै आएको छ। आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा आफूलाई उत्तर आधुनिकतावादी भनाउनेहरूले उक्त प्रत्यक्षवादलाई अंगाल्दै त्यसमा विखण्डनवादलाई जोड्दै दर्शनको मौलिक प्रश्न, विषयवस्तु, सैद्धान्तिक स्वरूप र विश्वदृष्टिकोणपरक मान्यतालाई अधिभूतवाद भनी लत्याउँदै दर्शनलाई साहित्यशास्त्र, अलंकारशास्त्र, भाषाशास्त्रमा गिराउने काम गर्दै आएका छन्। यस धाराका मुख्य प्रवर्तक डेरिडा हुन्।

उपयुक्त सबै कुराहरूमाथि ध्यानदिदा दर्शनलाई मौलिक प्रश्न तथा स्वतन्त्र विषयवस्तुबाट बञ्चित गर्ने, दर्शनलाई स्वतन्त्र विज्ञानका रूपमा अंगिकार गर्न नचाहने र त्यसलाई प्रकृति विज्ञान, भाषा दर्शन एवं अलंकारशास्त्रमा गिराउन चाहने विचारहरू गलत हुन्। दर्शन आफ्नै स्वतन्त्र विषयवस्तु र विशिष्ट स्वत्वलाई लिएर चल्ने विश्वदृष्टिकोणमूलक विज्ञान हो।

**(७) दर्शनको महत्व**

माथि पनि ठाउँ ठाउँमा भनिएको छ वर्गसमाजमा दर्शनको वर्गीय अर्थ र महत्व हुन्छ। वर्गसमाजमा दर्शनले वर्ग हित र विचारको प्रतिबिम्बन तथा प्रतिनिधित्व गर्दछ। वर्गसमाजमा जुन दर्शन सत्यको सन्निकट र वैज्ञानिक छ, त्यस कुराको टुंगो सम्बन्धित समाजको भौतिक अवस्था र सामाजिक व्यवहारद्वारा लगाइन्छ।

दर्शनको वास्तविक मूल्य र महत्व कुन कुरामा छ भने त्यसले प्रकृति र समाजको सत्यपूर्ण या झूट तस्बिर पेश गर्दछ। त्यसले हरेक वर्गका मान्छेलाई जुनसुकै रूपमा होस् समस्या बुझ्न र तिनको समाधान प्रस्तुत गर्न मद्दत पुर्याउछ। सबै दर्शन सत्यपूर्ण हुनेछन् भन्ने होइन।

यसलाई समाज विकासको सापेक्षतामा हेर्नु पर्छ र सही चिन्तनको विकास पनि ऐतिहासिक विकास प्रक्रियासँगै गाँसिएको हुन्छ। यस परिपेक्ष्यमा हेर्दा आदर्शवाद र अधिभूतवादले संसारको गलत वा एकपक्षीय तस्बिर पेश गर्दछन्। तर संसारको सच्चा तथा समग्र तस्बिर प्रस्तुत गर्न द्वन्द्वात्मक भौतिकवादी दर्शन नै समर्थ छ।

आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो। यस युगमा सर्वहारा वर्गको दर्शन अर्थात् मार्क्सवादी दर्शन नै सुसंगत, क्रान्तिकारी र वैज्ञानिक दर्शन हो। यस दर्शनले नै सर्वहारा वर्ग र श्रमिक जनसमुदायलाई दुश्मनका विरुद्धको संघर्ष र मुक्तिको दिशामा, पुगेको ध्वंस र नयाँको निर्माणमा तथा संसारलाई बुझ्न र बदल्न एवं भौतिक वैचारिक र साँस्कृतिक रूपान्तरण गर्दै अघि बढ्नमा राम्रो मद्दत गर्दछ। साथै मार्क्सवादी (मालेमावादी) दर्शनले प्रकृति विज्ञान र समाज विज्ञानका विविध शाखाहरूमा वैज्ञानिक विश्वदृष्टिकोण प्रदान गरेर नियमित र अनुसन्धानमूलक कामका लागि पनि यथेष्ट मद्दत पुर्याउँछ।

*(केसी वरिष्ठ मार्क्सवादी लेखक हुन्।)*

# चिसो मौसममा खजुर स्वास्थ्यका लागि वरदान, यस्ता छन् फाइदाहरु



बुटवल । जाडोमा खजुरलाई सुपरफुड भनिन्छ । यो स्वास्थ्यका लागि धेरै फाइदाजनक हुन्छ । यसको सेवनले शरीरलाई उर्जा प्राप्त हुन्छ ।

यो एक मौसमी खाना हो जुन मौसम अनुसार तपाईंको शरीरमा अनुकूल हुन्छ ।

यसमा मुख्यतया आइरन, फस्फोरस, म्याग्नेसियम र क्याल्सियम, भिटामिन ए, भिटामिन के, थायामिन समावेश गर्दछ। यसमा एन्टिअक्सिडेन्ट पनि हुन्छ जसले मधुमेहको जोखिम कम गर्छ । साथै हृदय रोगीहरूको लागि फाइदा हुन्छ ।

**जाडोमा खजुर खानुका यस्ता छन् फाइदा**

१. पाचन प्रणाली बलियो बनाउछः चिसो मौसममा पाचन प्रणाली बिग्रन्छ। किनकी जाडोमा धेरै भोक लाग्छ तर यताउता हिडिदैन् । यस्तो अवस्थामा खाना पच्दैन र पेट खराब हुन्छ । यसका लागि खजुर को सेवन गर्नुपर्छ । यसमा पाइने फाइबरले पाचन रसको स्राव बढाउँछ । साथै यसको सेवनले पेटको क्यान्सरको जोखिम पनि कम गर्छ ।

२. छालालाई चम्किलो बनाउँछः खजुर स्वास्थ्य र सौन्दर्य दुवैको लागि धेरै राम्रो छ। चिसो हावाको कारण चिसोमा छाला सुख्खा हुन्छ । जसका कारण स्ट्रेचिङ हुन थाल्छ र कहिलेकाहीँ छाला पनि च्यातिन्छ । त्यसैले खजुरको सेवन गर्नुपर्छ । यसले तपाईको छालाको आर्द्रतालाई सामान्य राख्न मद्दत गर्नेछ।

३.ऊर्जाको उत्तम स्रोतः वास्तवमा, खजुर तातो फल हो । जसले तपाईको शरीरमा उर्जा प्रवाह गर्छ । जसले गर्दा शरीर तन्दुरुस्त रहन्छ । र चिसोमा काम गर्न कुनै समस्या हुँदैन । खजुरमा कार्बोहाइड्रेट पनि प्रशस्त हुन्छ ।

४. मुटुलाई आराम दिन्छः खजूरमा पाइने फाइबर र पोटासियम शरीरको लागि आवश्यक स्रोत हो। यसको सेवनले कोलेस्ट्रोल घटाउन मद्दत गर्छ । यसमा आइसोफ्लाभोन्स पाइन्छ, जसले मुटु रोगको जोखिम कम गर्छ । किनभने चिसो दिनमा हृदयाघातको जोखिम बढी हुन्छ । यसले हाम्रो शरीरको तापक्रम सामान्य राख्न मद्दत गर्छ।

५. निद्राको उत्तम स्रोत हो खजुरको सेवनः धेरै चिसो महसुस हुँदा निद्रा लाग्दैन भने राती खजुरमा दूध मिसाएर अवश्य पिउनुहोस्। एक गिलास भन्दा बढी दूध लिनुहोस्। यसमा ८ देखि १० सफा खजुरहरू राख्नुहोस्। यसलाई १५ देखि २० मिनेटसम्म उमाल्नुहोस्। यदि दूध गाढा नभइन्जेल यसलाई केही बेर उमाल्ने र यसपछि राति सुत्नुअघि पिउनुहोस् र सुत्नुहोस्। यसपछि राति पानी पिउनु हुँदैन । यसले रुघाखोकी र फ्लूको समस्यालाई पनि कम गर्छ । रोग प्रतिरोधात्मक क्षमता पनि बढ्नेछ ।

यो सामान्य जानकारी भए पनि सुगर र कोलेस्ट्रोल बढी भएमा चिकित्सकको सल्लाह लिएर मात्रै सेवन गर्नुहोस् ।

# प्युठानी अल्लो चितवनमा लोकप्रिय



**जनखोजी समाचारदाता**

*प्युठान ।*

एमाले महाधिवेशन स्थलमा प्युठानका बुढामगर दम्पतीको अल्लो व्यापार लोकप्रिय बनेको छ । नौबहिनी गाउँपालिकाका खिमबहादुर बुढामगर दम्पतीलाई एमालेको १०औँ राष्ट्रिय महाधिवेशन स्थल सौराहामा दैनिक एक लाख बढीको अल्लोका कपडा विक्री भइरहेको बताउँछन् ।

अल्लोको धागोबाट आफैले बनाएको कोट, टोपी र झोला बेच्न चितवन पुगेका हुन्। खिमबहादुर र उनकी श्रीमती चित्रकली बुढामगर दिनभर कपडा बेच्नमा व्यस्त बनेका छन् । नारायणी नदी किनारमा १० मंसिरमा महाधिवेशनको उद्धाटन हुने कुरा थाहा पाएपछि उनीहरु ७ मंसिरमै चितवन पुगेको चित्रकली बुढामगरले जानकारी दिइन् । 'शनिबार मात्रै ९५ हजारको व्यापार भएको थियो',उनले भनिन् ।

अल्लोको टोपीलाई उद्योगबाट खुद्रामा बिक्री गर्दा प्रतिटोपी सात सय रुपैयाँमा बिक्री हुन्थ्यो । व्यापारीलाई दिने थोक मूल्य प्रतिटोपी पाँच सय रुपैयाँ थियो । अहिले महाधिवेशनलाई लक्षित गरेर खुद्रामा पनि प्रतिटोपी पाँच सय रुपैयाँमा नै बिक्री गरिएको उनले बताए ।

'देशभरका महाधिवेशन प्रतिनिधिले लगाउन् भनेर थोककै मूल्यमा बिक्री गरेका छौँ', उनले भने । स्टकोटलाई ३५ सय, जुवारी कोटलाई ४५ सय र फुल कोटलाई नौ हजारमा बिक्री गरिएको उनले बताए । त्यही मूल्यमा एउटा टोपी पनि दिने गरिएको उनको भनाइ छ । टोपी नलैजानेलाई पाँच सय रुपैयाँ छुट दिने गरिएको छ ।उद्योगबाटै कपडा बेच्दा दिनमा उनीहरूको १५ हजार रुपैयाँजतिको व्यापार हुन्थ्यो । महाधिवेशनको उद्धाटनका दिनमा भने एक लाख आठ हजार रुपैयाँको व्यापार भएको उनले बताए । महाधिवेशनअघि ८ मंसिरमा ८० हजार र ९ मंसिरमा ७९ हजार रुपैयाँको व्यापार भएको उनी बताउँछन् ।

अल्लोको कपडाले गर्मीमा शीतल र जाडोमा न्यानो बनाउने उनी बताउँछन् । यो कपडाले सुगर र प्रेसर पनि नियन्त्रण गर्न सघाउने उनको भनाइ छ । चित्रकलीले २०६२ मा अल्लोको कपडा बनाउने तालिम लिएकी हुन् । मगर समुदायमा भांग्रा बनाउने र अल्लोको धागो निकाल्न जान्ने महिलासँग मात्रै पुरुषले विवाह गर्नुपर्ने विगतमा त्यहाँको चलन थियो । त्यस्तै, सीप नभएको पुरुषसँग मात्रै महिलाको विवाह गरिदिने प्रचलन थियो ।

'पहिला किनेर लगाउन सक्ने अवस्था थिएन । किन्न परे पनि पैसा हुन्थेन । त्यसैले महिलामा अनिवार्य यसको धागो निकाल्ने र बुन्ने सीप हुनुपर्थ्यो। छोरा मान्छेमा चाहिँ हलो तान्ने, डोको बुन्ने जस्ता सीप हुनुपर्थ्यो', उनले भने, 'अहिले चाहिँ किन्न पाइन्छ । मान्छेले विभिन्न जागिर गर्छन् ।'

खरानी पानीमा पकाएर अल्लोको धागो निकालिन्छ । अल्लो पकाउने मेसिन खरिदका लागि पोखरा विश्वविद्यालय र कोरिया विश्वविद्यालयले अनुदान दिएको उनले बताइन् । 'हाम्रो देशमा उत्पादन भएको कपडा लगाउने र अरुलाई पनि प्रोत्साहन गर्नुपर्छ । यो कपडा सस्तो र स्वास्थ्यका लागि पनि उपयुक्त छ', उनले भनिन् ।


# जिल्ला निर्वाचन कार्यालय प्युठानको सूचना

निर्वाचन आयोगको निर्देशन तथा मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सञ्चालन मापदण्ड २०७८ को जिल्ला स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको निर्णयानुसार तपसिलको मिति, स्थानमा फोटोसहित मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन हुने भएकाले नेपाली नागरिकता बनाई फोटो सहितको मतदाता नामावली दर्ता हुन बाँकी रहेका नेपाली नागरिकले आफ्नो स्थानीय तहको केन्द्रमा गई अनिवार्य रूपमा दर्ता गराउनु हुन अनुरोध गरिन्छ । बाह्य जिल्लामा कायम गरी दर्ता गराउन चाहने मतदाताहरूको जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ । थप जानकारीका लागि जिल्ला निर्वाचन कार्यालय वा सम्बन्धित पालिका कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ । दर्ता गराउन चाहिने आवश्यक कागजात

क. **नागरिकतामा रहेको स्थायी ठेगानामा दर्ता गर्नु परेमा**
   १. सक्कल नागरिकता र प्रतिलिपि

ख. **नागरिकतामा रहेको स्थायी ठेगाना भन्दा अन्य भएमा**
   १. सक्कल नागरिकता र प्रतिलिपि
   २. बसाइसराइ प्रमाणपत्रको वा विवाह दर्ता प्रमाणपत्र (सक्कल र प्रतिलिपि दुवै)

| क्र. सं. | स्थानीय तह | दर्ता स्थल | दर्ता कार्य | | दिन |
|---|---|---|---|---|---|
| | | | सुरु | समाप्त | |
| १ | स्वर्गद्वारी नगरपालिका | स्वर्गद्वारी नगरकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| २ | सरुमारानी गाउँपालिका | सरुमारानी गाउँकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| ३ | गौमुखी गाउँपालिका | गौमुखी गाउँकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| ४ | झिमरुक गाउँपालिका | झिमरुक गाउँकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| ५ | माण्डवी गाउँपालिका | माण्डवी गाउँकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |
| ६ | ऐरावती गाउँपालिका | ऐरावती गाउँकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |
| ७ | नौबहिनी गाउँपालिका | नौबहिनी गाउँकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |
| ८ | प्युठान नगरपालिका | प्युठान नगरकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |

**जिल्ला निर्वाचन अधिकारी**

# मारुनीमा सोरठी र सोरठीमा रामायणको सन्दर्भ



रामकृष्ण शर्मा

मारुनीका बारेमा अघिल्ला अङ्कमा चर्चा भइसकेको छ । मारुनीमा गाइने गीतका बारेमा पनि सामान्य चर्चा भइसकेको छ । यस सन्दर्भमा गाइने सबै गीत सोरठी हुँदैनन् र सबैलाई सोरठीअन्तर्गत राख्नु पनि उचित हुँदैन । सोरठीको आफ्नै महत्व छ । नेपाली संस्कृतिमा  मारुनी नाचकै सन्दर्भमा यसलाई गाएर नाचिन्छ ।

सोरठीका प्रकार यति नै छन् भनी सर्वमान्य तर्क पेस गर्न सकिदैन । कुन सोरठी हो र कुन होइन भनी अहिलेसम्म तार्किक मान्यता स्थापित  छैन । मोटामोटीमा सोरठी पौराणिक,  ऐतिहासिक र सामाजिक गरी तीन भागमा विभाजन गर्न सकिन्छ । यसभित्र पनि उपविभाजन गर्न सकिन्छ ।

पौराणिक सोरठीभित्र रामायण र महाभारतका कथानकमा आधारित सोरठी थुप्रै छन् । थुप्रै छन् भन्नुका कारण यसका ठाउँअनुसार पाठान्तर भेद पनि त्यत्तिकै छन् । ऐतिहासिक सोरठीमा इतिहाससँग सम्बन्धित विषयवस्तु आएका हुन्छन् । यस्ता सोरठी नेपाली सांस्कृतिक सन्दर्भमा थोरै भेटिन्छन् । जयसिंहा राजाको कथानकमा आधारित सोरठीलाई यसअन्तर्गत राख्न सकिन्छ । यसका कतिपय सन्दर्भ पौराणिक जस्ता छन् ।



भारतीय लोकसाहित्यका अध्येता सत्यव्रत सिन्हाले आफ्नो कृति भोजपुरी लोकगाथामा जयसिंहा राजाको सोरठी वास्तविक सोरठी भएको उल्लेख गरेका छन् । यो भोजपुरी लोकसंस्कृति हुँदै नेपाली संस्कृतिमा प्रवेश पाएको हो भन्ने लोकसंस्कृतिविद्को मान्यता छ ।

यसका पनि नेपाली संस्कृतिमा थुप्रै पाठान्तर भेद रहेका छन् । यसका बारेमा छुट्टै चर्चा गरौँला ।

मारुनी नाच्दा सोरठी गाएर नाच्नै पर्छ भन्ने छैन । तैपनि सोरठी गाएर नाच्ने सन्दर्भ भने मिल्नु पर्छ । यसका लागि समय पनि धेरै लाग्छ । घटीमा आधा घण्टासम्म र बढीमा रातभर पनि गाएर नसकिने सोरठी पनि छन् । जात्रा, मेला छन् भने बढीमा एक घण्टासम्मका गाएर नाच्ने गरिएको देखिन्छ । धेरै जसो सोरठी गाउँदा त्यसलाई पूर्ण रूपमा गाएर नाचेको बिरलै पाइन्छ । खास जयसिंहा राजाको सोरठी त रातभर गाउँदै नाचेर सकिन्न ।  चाडपर्व र धार्मिक अनुष्ठानमा गाउँने सोरठीहरू प्राय पौराणिक विषयमा आधारित हुन्छन् । रामायण र कृष्णचरित्रका सोरठीहरू यस्ता अवसरमा गाएर नाचिन्छ । सोरठीमा रामायणले विशेष महत्व पाएको हुन्छ । यसमा प्रत्येक ठाउँका  ठाउँअनुसार थुप्रै पाठान्तर भेद रहेका छन् । यसमा मूल रामायणको छोटकरी रूप पनि पाठान्तर भएको देखिन्छ । संकृतिविद् पूर्णप्रकाश नेपाल यात्रीले दैलेख जिल्लामा भेटेको रामायणको कथ्य रूपलाई लोक रामायण भनेका छन् । प्युठान जिल्लामा सम्पूर्ण रामायणको समष्टि कथानक भएको सोरठी रूप प्राप्त भएको छ । यसको पाठ रूप यस प्रकार छ :

*अवतार*

*ह ह ह आफू आफै भगवनजीले राम औतार लिनुभो*
*पृथ्वीको भार हर्नलाई*
*भार हर्नलाई, भार हर्नलाई*
*आफू आफै रामजीले औतार लिनुभो ।*

*जन्म*

*ह ह ह अजुद्धे भुमिमा दशरथ राजाका घरमा*
*रामलछुमनले जन्म लिनुभो ।*
*जन्म लिनुभो, जन्म लिनुभो*
*दशरथ राजाका घरमा रामलछुमनले जन्म लिनुभो ।*

*विवहा*

*ह ह ह जनकपुरमा सीता माई जनमिन*
*रामले बिबाहा गर्नुभो सीता माईलाई*
*बिबाहा गर्नुभो, बिबाहा गर्नुभो*
*रामले सीता माईलाई बिबाहा गर्नुभो ।*

*राजकाज र वनबास*

*ह ह ह भरत र शत्रुघनलाई अजुद्धेको राजधानी*
*रामलछुमनलाई लेख्यो बनीबास ।*
*लेख्यो बनीबास, लेख्यो बनीबास*
*रामलछुमनलाई लेख्यो बनीबास ।*

*सीता हरण*

*ह ह ह सीता हरी राउन्नेले लयो राम परे एकलै*
*हे सीता ह-यो, सीता ह-यो*
*रावन्ने राजाले सीता ह-यो ।*

औतार ( अवतार ), भार हर्न ( भार मुक्त गर्न), अजुद्धे(अयोध्या), लछुमन(लक्ष्मण), शत्रुघन (रामका एक भाइ शत्रुघ्न), बनीबास (वनबास), राउन्ने (रावण), हरी (अपहरण गरी) र लयो (लग्यो)

प्रस्तुत पाठमा सीता हरणपछि रहेको कथा छैन । यति भए पनि यसलाई पूर्ण मान्नुपर्छ । रामायणको पूर्ण कथा सबैलाई अवगत नै छ । लेख्य संरचना हेर्दा आकार सानो भए पनि दोहो-याउँदै गाउने र पटकपटक वरिपरि घुमेर अनि अगाढि पछाडि भई नाच्दा यसले धेरै समय लिन्छ ।

रामायण आफैमा महत्त्वपूर्ण रचना हो । यसको आफ्नै खालको लौकिक महत्व छ । लोक जीवनमा रामायणका सानाठूला ठाउँअनुसार पाठान्तर छन् । पाठान्तर हुनु लोक जीवनको आफ्नै विशेषता हो ।

कतिपय ठाउँमा पछिल्ला दुईवटा  वनबास र सीता हरणलाई मात्रै गाएर नाचिन्छ । कतिपय ठाउँमा रामायण र महाभारतलाई एउटै लोक श्लोकमा पनि मिसाइएको भेटिन्छ । जस्तैः

*प्रश्न : हे  हो काँ हो तिम्रो जनम भूमि ? काँ हो तिम्रो दरिबार ?२*

*उत्तर :हाय मथुरामा जनम भूमि अजुद्धेमा दरिबार ।२*

*हाय मथुरामा जनम भूमि, हाय मथुरामा जनम भूमि अजुद्धेमा दरिबार ।*

*प्रश्न : हे हा के हो तिम्रो वंश र थर के हो तिम्रो नाम ? २ उत्तर : हाय सूर्यबङ्सी थर र बङ्स कृस्नकल हो नाम मेरो*

*हाय सूर्यबङ्सी थर र बङ्स, हाय सुर्यबङ्सी थर र बङ्स कृस्नकल हो नाम मेरो ।* युगका वा समयका आधारमा हेर्ने हो भने प्रस्तुत पङ्क्तिमा त्रेता र द्वापर युग समेटिएको छ । मथुरा त भगवान् कृष्णको जन्मभूमि हो रामचन्द्रको दरबार अयोध्या हो । रामचन्द्र सूर्यवंशी थिए भने कृष्ण यदुवंशी थिए । यहाँ कसरी दुई वटा कालको सन्दर्भ जोडियो होला ? एउटा गुरुमुखेबाट अर्को गुरुमुखेले अस्पष्ट सुनेका कारण यसो भएको हो । वास्तवमा रघुवंशी कृष्णलाई उनको वंश बारे यकिन नभएर गलत बुझाइका कारण यसो हुन गएको हुनुपर्छ ।

जे भए पनि सोरठीमा रामायणको प्रसङ्ग आउनु भनेको त्यो लोक रामायण नै हो । यसले हाम्रो लोक संस्कृतिमा आधारित लोकसाहित्य परम्परालाई प्रतिबिम्बित गर्दछ ।

**प्युठानका नौवटै...**

उपाध्यक्षः गोबर्द्धन थापा
सचिवः रमेश रानामगर
सह-सचिवः पुष्कर शर्मा
कोषाध्यक्षः प्रेम सुनार

*७.झिमरुक गाउँपालिकामा झगबहादुर जि.सी.को अध्यक्षतामा ५५ सदस्यीय कमिटि गठन भएको छ ।*

उपाध्यक्षः बसन्तराज पोखेल
उपाध्यक्ष :विष्णुमणी पोख्रेल
उपाध्यक्षः ललितबहादुर बस्नेत
सचिवः कृष्ण पोख्रेल
सह-सचिवः गणेश गिरी
कोषाध्यक्षः बसन्ता एम.सी.

*८. सरुमारानी गाउँपालिकामा कृष्ण बहादुर खाम्चा(हेमन्त)को अध्यक्षतामा ४९ सदस्यीय कमिटि गठन भएको छ ।*

उपाध्यक्षः शैलेन्द्र राना
उपाध्यक्षः सरद भुसाल
उपाध्यक्षः लक्ष्मी पल्ली
सचिवः गुप्तबहादुर राना
सह-सचिवः तिलक वि.क.
कोषाध्यक्षः वलिराम सुनार

**माओवादीको एजेण्डामा नेपालः मन्त्री खड्का**

लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा सहकारी मन्त्री एवम् माओवादी नेता कृष्णध्वज खड्काले देश माओवादीको एजेन्डामा अघि बढिरहेको भए पनि माओवादीले ल्याएका कारण मास्ने प्रयास गरिरहेको बताए । संघीयता, गणतन्त्र, धर्म निरपेक्षता समावेशी तथा समानुपालिक प्रणालीलाई नामेट पार्न माओवादी बाहेकका केही दलले प्रयास गरेको आरोप उनको छ । शनिबार जिल्लामा माओवादी केन्द्रको स्थानीय तहका अधिवेशनलाई सम्बोधन गर्दै संविधान प्रदत्त अधिकारलाई खोस्न के.पि.ओलीले प्रयास गरिरहेको भए पनि त्यो सपनामा मात्रै सीमत हुने बताए । संविधानको धज्जी उडाउँदै गरिएको सार्वभौम संसदको विघटन, विभिन्न समयमा दिने अभिव्यक्तिले पुष्टि गरेको उनको तर्क छ ।

यसरी प्रहार भइरहेका कारण माओवादीलाई जनताले माया गर्दै जाँदा पछिल्लो समयमा माओवादी केन्द्रमा नयाँ उभार आएको जिकिर मन्त्री कृष्ण ध्वज खड्काले गरे । उनले प्रचण्ड नेतृत्वको नेकपा माओबादी केन्द्र देशकै एक नम्बर पार्टी बन्ने दाबी समेत गरे । माओवादी विचारमा रहेका सम्पूर्ण कार्यकर्ता तथा जनताहरू एकताबद्ध भएर अगाडि बढेकाले आउदो निर्वाचनमा माओबादीले देशभर बिजयको झण्डा फहराउने ठोकुवा गरे ।  एकीकृत माओवादीले तय गर्ने समाजवादले देश विकासको आधार तयार गर्ने जिकिर गर्दै मन्त्री खडकाले भने, राष्ट्रिय महाधिवेशनसम्म आइपुग्दा पार्टीले राजनीति कार्यदिशा स्पष्टसँग तय गर्छ । 'उनले प्रतिगमन र प्रतिक्रान्तिकारीविरुद्ध सक्रिय भएर लाग्नुपर्नेमा जोड दिँदै मन्त्री खडकाले जनयुद्धको जगमा लेखिएको संविधानको रक्षाका लागि गठबन्धन निर्माण गरिएको बताए ।

**कांग्रेस प्युठानको...**

सर्वसहमत चयन भएका थिए भने सहसचिबमा नारायण ज्ञवाली र प्रमोद पोखेल निर्विरोध चयन भएका हुन । सदस्यहरुमा कृष्णबहादुर जि.सी., प्रतिभा पौडेल, मित्रबहादुर मल्ल, लुसा आचार्य, तिलककुमार वि.क., दामोदर कालाथोकी, रिता नेपाली, कमला शाही, विजय कुमार श्रेष्ठ, रामप्रसाद न्यौपाने, सुमित्रा गौतम, कमलराज रिजाल, किशोर महतरा, नारायणी थापा लम्साल, कमला कामी, रामचन्द्र पौडेल, भिम मरासिनी, टिका मरासिनी, बसन्तकुमार के.सी., पवित्रा जि.सी., दिपक के.सी., नेत्रमणि पोख्रेल, सुशील कुमार डागी, गोमा भट्ट, खगेश्वर थापा, चन्द्र रोकामगर, सावित्रा बुढामगर, फनि बुढा, राधा सुनार, कर्ण वि.क., देउमान थापा, नामबहादुर नेपाली, बब्बर अलि मिया निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ । महाधिवेशन प्रतिनिधिमा निमा गिरी, भगवता विष्ट, निसा योगी, मेनका घिमिरे, गोविन्दराज पोख्रेल, मुक्तिप्रसाद शर्मा, दिवाकर गौतम, सुवास के.सी., अमरप्रसाद भण्डारी, धर्म बहादुर जि.सी., बद्री लम्साल, मानबहादुर वली, खिमानसिंह रायमाझि, हुकुमबहादुर विष्ट, सावित्रा अधिकारी, साधना राउत, सालिकराम पण्डित, रोज राणा (सरोज थापा), धनलक्ष्मी श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, देविराम पुन, सनत श्रेष्ठ, विन्दु परियार, गोपाल वि.क., मोहमद हमित शाह, पुर्णप्रसाद कालाथोकी निर्वाचित भएका छन् ।

**प्रजातन्त्रवादी भनिने पार्टीमा अप्रजातान्त्रिक व्यवहार**

काँग्रेसको निर्वाचन पछिल्लो समय भड्कीलो बन्दै गएको छ । पार्टीमा देखिएको गुट राजनीतिले आफ्नो गुटमा कार्यकर्ता देखाउन गरिने षडयन्त्र, चलखेलले काँग्रेसका इमान्दार कार्यकर्तामा नैरास्यता बढ्दै गएको बुझिन्छ । एक काँग्रेस कार्यकर्ताले तडक भडक र दाउपेचले काँग्रेसलाई सही गन्तब्यमा पुऱ्याउन नसक्ने बताउछन् । देशकै अब्वल प्रजातन्त्रवादी भनिएको नेपाली काँग्रेसको मतगणना प्रक्रियाकै समयमा एकअर्काप्रति आक्रमण, सार्वजनिक सम्पत्ती माथीको क्षतीले नेपाली काँग्रेसका संयौं कार्यकर्ताले सामाजिक सञ्जाल मार्फत असन्तुष्टि प्रकट गरेका छन् । सभापतिको मतगणना चलिरहेको बेला मंगलबार राती केही कार्यकर्ताले गणनास्थलमा आक्रमण भएपछि प्रहरीसँग झडप भएको थियो । स्थिति नियन्त्रणमा लिन अश्रुग्यास तथा गोली नै चलाउनुपरेको थियो । सो घटनामा दुई प्रहरीसहित ९ जना घाइते भएका छन् । तीन घाइतेलाई स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि जिल्ला बाहिर रिफर गरिएको छ । यो व्यवहारलाई कार्यकर्ता तथा शुभचिन्तकहरुलाई निरासा बनाएको सामाजिक सञ्जालबाटै प्रतिक्रिया आएको हो ।

**प्रेस सेन्टरको प्रदेश...**

त्यस्तै, लेखा समिति संयोजकमा शीतल थापा, अनुशासन समिति सदस्यमा माया केसीलाई चयन गरिएको संगठनका केन्द्रीय सदस्य नरेन्द्र केसीले जानकारी दिए ।  नेकपा (माओवादी केन्द्रका प्रवक्ता कृष्णबहादुर महराले सम्मेलनको उद्घाटन गरेका थिए ।

कार्यक्रममा प्रेस काउन्सिलका पूर्वअध्यक्ष नारायणप्रसाद शर्मासहित संगठनका संस्थापक तथा लुम्बिनी प्रदेशबाट सञ्चार क्षेत्रमा भूमिका निर्वाह गर्ने एक दर्जनभन्दा बढी पत्रकारलाई सम्मान गरिएको थियो । यस्तै, लुम्बिनी प्रदेशका संस्थापक गोविन्द आचार्य, नरेन्द्रजंग पिटर, विनोद पहाडी, मौसम रोका, अजयदीप शर्मा र चेतलाल कँवरलगायतका पत्रकारहरूलाई सम्मान गरिएको थियो । सम्मेलनमा लुम्बिनी प्रदेशका १२ जिल्लाबाट २०० प्रतिनिधि र पर्यवेक्षक सहभागी थिए ।

# इच्छुक आम सञ्चार प्रतिष्ठान गठन गर्न प्रेस सेन्टरको माग

**जनखोजी समाचारदाता**

*देउखुरी।*

प्रेस सेन्टर लुम्बिनी प्रदेशले लुम्बिनीमा कृष्णसेन इच्छुक आम सञ्चार प्रतिष्ठान गठनको माग गरेको छ।

संगठनका महाधिवेशन आयोजक समिति सदस्य तथा घोषणापत्र मस्यौदा समितिका संयोजक नरेन्द्र केसीले प्रस्तुत गरेको घोषणापत्रको मस्यौदा अधिवेशनको हलले पारित गरेको हो।

सेन्टरको दोस्रो प्रदेश अधिवेशनले सो माग गरेको हो।




लुम्बिनीमा कृष्णसेन इच्छुक आम सञ्चार प्रतिष्ठान' गठन गरेर पत्रकारिताको विकासमा योगदान गर्न पनि यो अधिवेशनमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं'- अधिवेशनबाट जारी ११ बुँदे देउखुरी घोषणापत्रमा भनिएको छ।

प्रेस सेन्टर नेपाल लुम्बिनी प्रदेशको दोस्रो अधिवेशनबाट पारित समसामयिक प्रस्ताव

१- महान् जनयुद्ध र विभिन्न आन्दोलनका दौरान तथा त्यसअघि र पछि जनतालाई ससूचित गराउँदा गराउँदै शहादत प्राप्त गरेका सम्पूर्ण सहिद पत्रकारहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै यो अधिवेशन सम्पूर्ण सहिद पत्रकारका परिवारजन तथा छोराछोरीलाई उचित राहत, व्यवस्थापनका लागि ध्यान दिन र घाइते, अपांग तथा द्वन्द्व प्रभावित पत्रकारहरूका लागि राहतमूलक कार्यक्रम ल्याउन राज्यसँग माग गर्दछ।

२- सञ्चार माध्यमहरूको संख्या बढिरहेको भए पनि श्रमजीवि पत्रकारहरूले अझै पनि उचित पारिश्रमिक पाउन सकेका छैनन्। काम गर्ने तर दाम नपाउने वा पाए पनि अत्यन्त न्यून पाउने स्थितिको तत्काल अन्त्य गरी कम्तीमा पनि सरकारले निर्धारण गरेको श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक उपलब्ध गराउन र श्रमजीवी पत्रकार ऐनको पूर्ण पालना गर्न यो अधिवेशन सम्पूर्ण सञ्चारमाध्यमहरुसँग आग्रह गर्दछ।

३- गोरखापत्र संस्थानलगायत सरकारी सञ्चार माध्यमले लामो समयदेखि काम गरिरहेका श्रमजीवी पत्रकारहरुलाई हटाएकोमा यो अधिवेशन घोर आपत्ति प्रकट गर्दै तत्काल पुनवर्हालीका लागि आग्रह गर्दछ। साथै यो मागको सुनुवाइ नभए संङ्घर्षमा उत्रने पनि यो अधिवेशन चेतावनी दिन चाहन्छ।

४- सरकारले यसै आर्थिक बर्षदेखि पत्रकारका लागि निःशुल्क उपचारको ब्यवस्था गर्ने बजेटमै घोषणा गरेको भए पनि कार्यान्वायन सुरु नभएकाले तत्काल कार्यान्वायन गर्न, जोखिम मोलेर क्षेत्रमा खट्ने पत्रकारका लागि जीवन विमा, स्वास्थ्य विमा लगायतका कार्यक्रम अघि बढाउन यो अधिवेशन सरकारसँग माग गर्दछ।

५- संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गरिएको भए पनि विभिन्न तहका सरकारहरूले कानून बनाउँदा र बनेका कानून कार्यान्वायनका लागि प्रेस स्वतन्त्रताबिरोधी प्रावधान गर्ने प्रयास गरिएकाले सबै तहमा प्रेस स्वतन्त्रता सुनिश्चित गर्ने र सञ्चारमैत्री कानुन निर्माणको आग्रह गर्दछौं। लुम्बिनी प्रदेश सरकारले संसदमा पेश गरेको सञ्चारसम्बन्धी बिधेयक तत्काल पुनर्लेखन गरी पारित गरेर सञ्चार संरचना स्थापनाको यो अधिवेशन माग गर्दछ।

६- लुम्बिनी प्रदेश सरकार तथा स्थानीय तहका नीति कार्यक्रम र बजेटलाई सञ्चारमैत्री बनाउँदै सञ्चारमाध्यम र सञ्चारकर्मीका लागि प्रदान गरिने सेवा सुविधा तथा अवसरलाई समानुपातिक बनाउन यो अधिवेशन सबै तहका सरकारसँग माग गर्दछ।

७- लुम्बिनी प्रदेशको राजधानी देउखुरीमा पत्रकार महासंघको भवन लगायत् संरचना निर्माणमा बजेट विनियोजन गर्ने प्रदेश सरकारको निर्णयको स्वागत गर्दै यो अधिवेशन महान् सहिद कृष्णसेन इच्छुकको कर्मथलो रहेको यो भूमिमा उहाँको यथोचित सम्मान हुने गरी सञ्चार सम्बद्ध संरचना निर्माण गर्न माग गर्दछ। साथै लुम्बिनीमा कृष्णसेन इच्छुक आम सञ्चार प्रतिष्ठान गठन गरेर पत्रकारिताको विकासमा योगदान गर्न पनि यो अधिवेशनमार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं।

८- प्रदेशको नामकरण र राजधानी घोषणा भएको एक बर्ष पुगे पनि राजधानी ब्यवस्थापनमा यथोचित काम हुन नसकेकाले कामलाई गति दिंदै शीघ्र राजधानी ब्यवस्थापन गरेर संघीयता कार्यान्वायनलाई अघि बढाउन र स्थायी राजधानीमा नयाँ सहर निर्माण गर्दा यहाँको मौलिक संस्कृति, पर्यावरण संरक्षण र सञ्चारमैत्री वातावरण निर्माणमा जोड दिन यो अधिवेशनमार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं।

९- जनयुद्धको जगमा निर्मित संविधान, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक प्रतिनिधिजस्ता राजनीतिक उपलब्धिको रक्षा गर्दै समाजवादी क्रान्तिका लागि सार्थक बहस र आन्दोलनका गतिबिधिलाई प्रभावकारी बनाउन यो अधिवेशन प्रण गर्दछ।

१०- भर्खरै मात्रै पार्टी कामको सिलसिलामा सवारी दुर्घटनामा ज्यान गुमाउनुभएका नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं रुपन्देही जिल्ला इन्चार्ज रामप्रसाद बन्जाडे 'टंकमणि'प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बढ्दो सवारी दुर्घटना न्यनूनीकरण गर्न सडक सुधार, ट्राफिक ब्यवस्थापनलगायत सडक सुरक्षामा ध्यान दिन यो अधिवेशनमार्फत प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं।

११- प्रेस सेन्टर नेपाल लुम्बिनी प्रदेशको ऐतिहासिक दोस्रो अधिवेशन सफल पार्न सहयोग गर्ने लुम्बिनी प्रदेश सरकार, नेकपा माओवादी लुम्बिनी प्रदेश समिति, राप्ती गाउँपालिका समिति, राप्ती गाउँपलिका, प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका प्रवक्ता कृष्णबहादुर महरालगायत सबैमा यो अधिवेशन हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा यस्तै सहयोग र सद्भावको अपेक्षा गर्दछ।


## हार्दिक बधाई तथा शुभकामना


**मानसिंह बि.क.**
अध्यक्ष


**टीकाराम पोख्रेल**
सचिव


**भावना सुबेदी**
सचिव (महिला तर्फ)


**प्रकाश वैद्य**
प्रदेश सदस्य


**नेत्र खनाल**
प्रदेश सदस्य


**हरि पौडेल**
प्रदेश सदस्य

प्रेस सेन्टर नेपाल लुम्बिनी प्रदेशको बिहीबार सम्पन्न दोस्रो अधिवेशनबाट अध्यक्षमा मानसिंह बि.क. सहित हाम्रो लोकप्रिय पत्रिका जनखोजी साप्ताहिकका सम्पादक टीकाराम पोख्रेल, सचिव, शुभेच्छुक पत्रकार भावना सुबेदी सचिव (महिला तर्फ), प्रदेश सदस्यहरुमा नेत्र खनाल, हरि पौडेल र शुभेच्छुक तथा आर्थिक प्युठान मासिकका पत्रकार प्रकाश वैद्य सर्वसम्मत् निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सुखद कार्यकालको शुभकामना व्यक्त गर्दछौ।

**जनखोजी साप्ताहिक परिवार**

जुम्री प्युठान

छड्के नजर

# ओली महिमामण्डनमा केन्द्रित एमाले महाधिवेशन ।


महाविर राना

नेकपा (एमाले)को दशौ महाधिवेशन चितवनमा जारी छ। मंसिर १० गते उदघाटन गरिएको महाधिवेशन १२ गते समापन गर्ने भनिएको थियो। सहमतिका लागि भनेर अध्यक्ष केपी ओलीले दिनभर बन्दसत्र स्थगित गरेर पदाधिकारी सहित ३०१ जनाको नाम मध्यरातमा प्रस्तुत गरेपनी अन्तत्वगत्वा त्यस्मा सर्बसहमती हुन सकेन। उपाध्यक्ष रहेका भिम रावल र उपमहासचिव रहेका घनश्याम भुषाललाई ओलीले आफ्नो लिस्टमा समेट्न सकेनन्।

उदघाटन देखि पदाधिकारी एवं केन्द्रिय समितिको नामावली ओलीको वाणी नै एमालेको नीति बन्नेछ भन्ने विषयको प्रक्षेपण हो। एमाले पार्टी बिभाजन भइ जनमत खण्डित हुँदा त्यस्मा पिडाबोध गरेर कमिकमजोरी सच्याउने र सुदृढ एकीकृत कम्युनिस्ट पार्टी निर्माण गर्न पार्टीले अबलम्बन गर्ने कार्यदिशा,सिद्धान्त र बिचारधारामा बहस केन्द्रित गर्नुभन्दा पुर्ववर्ती सहकर्मीहरुलाई नेतृत्वले सत्तोसराप गर्दा ताली पडकाउदै उत्सव मनाउने कार्यकर्ता देख्दा पार्टी भित्र छलफल बहस र आलोचनात्मक चेतलाई मारिएको हो कि मरेको हो भन्ने गम्भीर प्रश्नचिन्ह खडा भएको छ।

एमाले पार्टी बिभाजन पुर्बको अवस्थामा एमालेमा बैचारिक बहसका प्रसङ्गहरु बाहिर आउने गर्दथे तर पार्टी बिभाजनपछि पार्टीमा केपी ओलीले जे बिचार राख्दछन त्यही नै पार्टीको आधिकारिक धारणा हो भन्ने आमबुझाई बनेको देखिन्छ। केपी ओलीले जे भने त्यही हुने भएपछी नेता कार्यकर्ताहरु कसरी उनको प्रिय बन्न सकिन्छ भन्ने ध्याउन्नमा लाग्नु स्वभाविक हो। पार्टीको मुख्य नेतृत्वको चाकडी चाप्लुसी गरेर निकट बन्ने परिपाटी विकास हुँदा पार्टी भित्र छलफल बहस गर्ने,आलोचना टिप्पणी गर्ने,फरकमत राख्ने संस्कृति हराउदै जान्छ। एमाले महाधिवेशनमा पार्टी बिचार तथा नीति सिद्धान्तका विषयको बहसले स्थान नपाएर नेतृत्वको विषयले मात्रै प्राथमिकता पाउनुर त्यस्मा पनि कसरी केपी ओलीको नजरमा परेर पद हत्याउन सकिन्छ भनेर उनको महिमागान गर्ने दृष्य छरपष्ट




प्रस्तुति सम्मको परिदृष्य हेर्दा सिङ्गो एमाले केपी शर्मा ओलीको महिमामण्डनमा केन्द्रित भएको सहजै देख्न सकिन्छ। नीतिको बहसले प्राथमिकता पाउनुपर्ने महाधिवेशनकेपीओलीलेकेभन्छन् र ककस्लाई के पद दिन्छन् भन्ने विषयमा केन्द्रित हुँदा एमाले पार्टीले केपी शर्मा ओलीको देवत्वकरण गरिरहेको देखिन्छ। महाधिवेशनमा प्रस्तुत गरिएका डकुमेन्ट्री लगायतका सामग्रीहरुमा तत्कालीन एमाले नेतृत्वको सरकारले गरेका कामहरुको जस पार्टी वा सरकारलाई दिने चेष्टा नगरेर केपी ओलीले गरेको भनेर प्रचारित गरिएको छ। संघ देखि प्रदेश सम्म सबैतिर एमाले नेतृत्वको सरकार ढल्दा पनि एमालेजनमा पार्टी नेतृत्वको पनि कहिँ कमीकमजोरी रह्यो कि भनेर चुइक्क बोल्न नसक्नु भनेको केपी शर्मा

कम्युनिस्ट पार्टीमा हुने बिचारको बहस वा अन्तरसंघर्षलाई पार्टीलाई जीबन्तता प्रदान गर्ने अस्त्रको रुपमा लिइन्छ। तर केपी शर्मा ओलीले एमाले पार्टी भित्र फरक मत राख्नेहरुमाथी कठोर भेदभावपूर्ण व्यबहार गरेको र उनीहरुलाई पार्टीमा काम गर्ने बाताबरण बन्न नदिएको दृष्टान्त एमाले बिभाजन देखि दशौ महाधिवेशनको बन्दसत्र सम्म छ्टाछुल्ल देखिएको छ। यी परिघटनाहरु अध्यन गर्दा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा स्टालिनका नयाँ संस्करण त बन्दैछैनन् ? भन्ने संसय पनि पैदा नभइरहन सक्दैन। अन्यथा उनले सर्बसहमतिका लागि पदाधिकारी हरुको नामावली प्रस्तुत गर्दा फरकमत राख्ने नेताहरुलाई पनि समेट्न सक्नुपर्दथ्यो। त्यसैमा नेतृत्वको बिशालता र महानता प्रदर्शन हुन सक्दथ्यो।

देखियो। विभिन्न पदाधिकारीमा छ्नौट हुन बिधानमा व्यवस्था भएअनुसार लोकतान्त्रिक प्रक्रियाका लागि तयार हुनुको सट्टा कसरी ओलीको लिष्टमा अटाउन सकिन्छ भनेर दौडधुप गरेको देखियो। पार्टी बिधानको व्यबस्था र प्रक्रियाको कुरा उठाउने भिम रावलहरुलाई बेइज्जती गर्ने,मानमर्दन गर्ने,र महाधिवेशन स्थल बाट गलहत्याएर निकाल्ने सम्मका गतिविधिहरु देखियो। दुईमहिना अगाडी बिधान महाधिवेशन गरेर निर्माण गरिएको पार्टी बिधानलाई अध्यक्ष ओलीको चाहानामा पटकपटक फेरबदल गरिएको घटनाले अबउपरान्त एमाले पार्टीमा केपी ओलीले जे चाहन्छन् त्यही हुन्छ। ओली कदम माथी प्रश्न उठाउनेको गुन्जायस मात्रै होइन त्यो पार्टी भित्र भविष्य पनि छैन भन्ने देखिएको छ।

# प्रेस सेन्टरको बढ्दो आकर्षण

यतिखेर सबै राजनीतिक दलहरु केन्द्रीय अधिवेशनको तयारीमा जुटिरहेका छन्। निश्चित समयसिमा भित्र अधिवेशन गर्नु पर्ने बाध्यताले अलि धेरै चटारो छ। त्यसैको पूर्वसन्ध्यामा ठूला दलका भातृ संगठनहरु पनि अधिवेशनको तयारी गरिरहेका छन्। यसमध्ये जनयुद्ध, जनान्दोलनको विरासत बोकेको प्रेस सेण्टर यतिखेर उत्साहपूर्वक पूर्व अवस्थामा फर्किने लय टिप्दैछ।

यही दौडमा नेकपा (माओवादी केन्द्र) लाई आफ्नो मुल नेतृत्व मान्ने प्रेस सेन्टर नेपाल अग्रभागमा देखिएको छ। खासगरी नेकपा एमालेसँग पार्टी एकता पछि बनेको प्रेस संगठनले वैचारिक तथा विविधकारण राम्रो गति लिन सकिरहेको थिएन। सर्वोच्च अदालतले माओवादी केन्द्र र एमालेलाई पूर्व अवस्थामा फर्काइ दिएपछि प्रेस सगठनबाट पूर्व प्रेस सेन्टर हुनासाथ गति लिन थाल्यो। सगठनले आफ्नो विधान संशोधन गरि प्रेस सेन्टरलाई पालिकास्तरसम्म पुऱ्याएको छ। जिल्ला कमिटीहरुलाई समन्वय समितिको रुपमा लैजादै छ। र, यही मसिर १८, १९ गते केन्द्रीय सम्मेलन गर्ने निर्णय लिए पछि यो सगठनको गतिमा तिब्रता आएको हो। सेण्टरले सम्मेलनमार्फत वैचारिक संश्लेषण गर्न सक्ता यसको संस्थागत विकास पनि स्थापित हुने देखिन्छ। सूचना प्रविधिको विकासले ल्याएको परिवर्तनमा पनि अब्बल हुन यसले विचारलाई प्रविधिमैत्री बनाउन सक्नु पर्छ।

अझ अन्य पत्रकार संगठनबाट प्रेस सेन्टर प्रवेशको लर्को लागे पछि उनीहरु नअत्तालिने कुरै भएन। प्रेस चौतारी र प्रेस युनियन भन्दा निक्कै पछि जन्मिएको हो। तर, यो संगठन अहिले नेपाल पत्रकार महासंघमा आफूलाइ देशव्यापी बनाउन भगिरथ प्रयत्नमा छ। अहिले नै अन्यसंगठनको तुलनामा दोस्रो ठूलो संगठनका हिसाबमा पुगिसकेको छ। अहिले जुन रफ्तारमा प्रेस सेन्टर बिस्तार भैरहेको छ यही रफ्तार कायम भयो भने प्रेस सेन्टर नेपालको सबैभन्दा ठूलो पत्रकारको संगठन हुनेछ। र, पत्रकार महासंघमा पनि पहिलो हुने कुरालाई कसैले रोक्न सक्ने आँट गर्ने हिम्मत राख्ने छैन। प्रेस सेन्टरको मूल नेतृत्वले पालिकास्तरसम्म नै प्रेस सेन्टर गठन गर्ने अन्तरिम विधानलाई कार्यान्वयनको तहमा पुऱ्याउँदै लगेको छ। त्यहीकारण आज प्रेस सेन्टरको देशब्यापी चर्चा र प्रेस सेन्टरप्रति आकर्षण बढेको बुझ्न कठिन छैन। पालिकास्तरमा प्रेस सेन्टर गठन गर्ने विधान बनाउँदा खिसिट्युरी गर्ने अन्य संगठनका मानिसहरु प्रेस सेन्टर पालिकास्तरमा भव्य गठन हुन थालेपछि अत्तालिन थालेको देखिन्छ। अझ अन्य पत्रकार संगठनबाट प्रेस सेन्टर प्रवेशको लर्को लागे पछि उनीहरु नअत्तालिने कुरै भएन। प्रेस चौतारी र प्रेस युनियन भन्दा निक्कै पछि जन्मिएको हो। तर, यो संगठन अहिले नेपाल पत्रकार महासंघमा आफूलाइ देशव्यापी बनाउन भगिरथ प्रयत्नमा छ। अहिले नै अन्यसंगठनको तुलनामा दोस्रो ठूलो संगठनका हिसाबमा पुगिसकेको छ। अहिले जुन रफ्तारमा प्रेस सेन्टर बिस्तार भैरहेको छ यही रफ्तार कायम भयो भने प्रेस सेन्टर नेपालको सबैभन्दा ठूलो पत्रकारको संगठन हुनेछ। र, पत्रकार महासंघमा पनि पहिलो हुने कुरालाई कसैले रोक्न सक्ने आँट गर्ने हिम्मत राख्ने छैन।

प्रेस सेन्टर नै यस्तो अब्वल संगठन हो जसले श्रमजीवि पत्रकारको पक्षमा, प्रेस स्वतन्त्रताको पक्षमा उभ्याउँदै आएको छ। जनताको बलिदान र संघर्षबाट उपलब्ध भएका धर्मनिरपेक्षता, समावेशी, संघीयता र जनताका जनजीविकाको पक्षमा आवाज बुलन्द पार्दै आएको छ।

महिलामाथी हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं। लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनखोजी साप्ताहिक (जि.प्र.का.द.नं. २० का लागि): सम्पादक: टिकाराम पोखेल, अतिथि सम्पादक: महाविर राना, प्रवन्ध सम्पादक: जायश्वर जैसी, सल्लाहकार: रामकृष्ण शर्मा
कानुनी सल्लाहकार: शिवराज पण्डित(पिएचडी), प्रकाशक: शशिधर भण्डारी, प्रवन्धक: यादव पौडेल, ठेगाना: प्युठान नगरपालिका-४ जुम्री बजार प्युठान
मुद्रण: भिजन अफसेट प्रेस, email: janakhoji.news@gmail.com, web: janakhoji.com
सम्पर्क: ९८५७८३६०२७, ९८५७८३३८००, ९८४७८२१२२१, ९८४७८२०८९७